# पनौती नगरपालिकाको नगरसभाको १५ औं अधिवेसन
## नगर प्रमुख रामशरण भण्डारीद्वारा प्रस्तुत
## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

गरिमामय नगरसभामा उपस्थित नगर उप प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, सभा सदस्यज्यूहरु, सञ्चारकर्मी मित्रहरु, कर्मचारी साथीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक न्यानो अभिवादन ।

नगर सभा सदस्यज्यूहरु,

पनौती नगरपालिका नगरसभाको १५ औं अधिवेसनमा सम्पूर्ण सभासदहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु । हामी उपर अपार माया, सद्‌भाव र विश्वास व्यक्त गर्दै आफ्नो अमूल्य मतका आधारमा हामीलाई यो जिम्मेवारी प्रदान गर्नुहुने पनौती नगरबासी सम्पूर्ण आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूप्रति हार्दिक सम्मान प्रकट गर्दछु । यसै सन्दर्भमा लोकतन्त्र प्राप्तीको लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने ती तमाम ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै घाइतेहरूमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दै शहिद परिवारप्रति सम्मान व्यक्त गर्दछु । पनौती नगरपालिकाको यो सम्मानित सभामा स्थानीय सरकार प्रमुखका तर्फबाट सम्पूर्ण नगरबासीहरूको हित र भलाईका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गर्व महशुस गरेको छु । यो गरिमामय नगर सभामा पेश हुने नीति तथा कार्यक्रम र वजेटको कार्यान्वयनले समृद्ध, समुन्नत धार्मिक, ऐतिहासिक, पर्यटकीय पनौती नगर बनाउने हाम्रो अभियानमा अर्को ईट्टा थपिने कुरामा मैले आशा एवम् विश्वास गरेको छु । नेपालको संविधानले स्थानीय तहलाई दिएको जिम्मेवारी अनुसार आमनगरबासीलाई नजिकको सरकारको अनुभूति गराउने गरि चुस्त, दुरूस्त, प्रभावकारी र पारदर्शीयुक्त प्रशासन बनाउने अभियानलाई सफल बनाउनु हामी सबैको दायित्वबोध गर्नु जरूरी छ भन्दा अत्युक्ति नहोला । यहाँको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको सु-सम्पन्नता संगै प्राकृतिक स्रोतसाधनको प्रचुरता जस्ता विशिष्टताहरूको सुव्यवस्थित र योजनाबद्ध उपयोगद्धारा पनौतीबासीहरूको जीवनमा देखिने गरी सकारात्मक परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपुर्ण योगदान गर्नेछ भन्ने मैले पूर्ण विश्वास लिएकोछु । सीमित साधन स्रोतबाट जनताका असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने र प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरूमा संघीय र प्रदेश सरकारको अपेक्षाकृत सहयोग नहुँदा सोचे अनुरूप नजिकबाट जनताहरुलाई सेवा प्रदान गर्न नसक्नु र आवश्यक भौतिक पूर्वाधारको कमी जस्ता चुनौती हाम्रो सामु रहेका छन् ।

नेपालको संविधानको धारा ५६ को उपधारा (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था गरेको छ । संविधानतः व्यवस्था भएको तीन तहको संरचनामध्ये सबै तहको अधिकारक्षेत्र संविधानले नै प्रष्ट व्यवस्था गरेको छ । नेपाललको संविधानको धारा ५९ ले दिएको अधिकारको प्रयोग गरि यस नगरपालिकाले प्रत्येक वर्ष आफ्नो वार्षिक वजेट तथा नीति बनाँउदै आएको छ । संविधानको धारा २२३ बमोजिम गठित नगर सभामा धारा २३० को उपधारा (१) अनुसार आगामी वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम पेश गरि पारित गराउनुपर्ने व्यवस्था रहेको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा भएको व्यवस्था बमोजिम आह्वान भएको यस गरिमामय नगरसभामा नेपालको संविधानले निदृष्ट गरे बमोजिम नीति प्रस्तुत गरेकोछु ।

विभिन्न जात जाति, जनजाति पिछडिएको वर्गको हक हितलाई ध्यान दिँदै, लक्षित, स्वरोजगारमूलक कार्यक्रम, महिला, शिक्षा, स्वास्थ्य, युवा खेलकुद, धर्म, संस्कार र संस्कृति सम्वर्द्धनको कार्यसहित सचितिर्थधाम सहितको गौरवमय पनौती क्षेत्रको विकास तथा खानेपानी, पूर्वाधार निर्माण, सिंचाई, कृषि, धार्मिक पर्यटनलाई विशेष ख्याल गर्दै वन वातावरण, बालमैत्री कार्यक्रम, मानवअधिकार, जेष्ठ नागरिक, जस्ता क्षेत्रलाई प्राथमिकतामा राख्नुका साथै ***पनौती नगरको दीगो विकासको आधार, सुशासनयुक्त नगर, प्रविधि र पूर्वाधार*** भन्ने नारालाई सार्थक बनाउने ध्येयसहित सम्वृद्ध पनौती निर्माणको अभियानमा यो नीति तथा कार्यक्रम तय गरिएको छ ।

सभा सदस्यज्यूहरू,

अब म सभासमक्ष यस अवधिमा हासिल गरिएका मुख्य मुख्य उपलब्धिहरू राख्ने अनुमति चाहन्छु ।

प्रमुख उपलब्धीहरू

- हामी सबैको अथक प्रयासको नतिजा स्वरूप हालसम्म २.७ कि.मि. कालोपत्रे, ७.४ कि.मि. ढलान, ६.० कि.मि. नयाँ ट्रयाक खन्ने कार्य, ७.६ कि.मि. पक्की नाला निर्माण, ट्याङ्की ११ वटा, मन्दिर/पाटी ७ वटा सम्पन्न भएको छ।
- १० लाखभन्दा बढि लागत भएका विकास निर्माणका योजनाहरूमा विद्युतीय बोलपत्रका माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा कार्यान्वयन गर्ने नीतिले सिमित स्रोतसाधनबाट न्यून लागतमा अधिकतम् उपलब्धी प्राप्त गर्न हामी सफल भएका छौं ।
- चालु आर्थिक वर्षमा १०८ जना विरामीलाई निःशुल्क मोतियाबिन्दुको शल्यक्रिया गरिएको छ ।
- ११ वटा वडाहरू बालश्रममुक्त घोषणा भईसकेका बाँकी १ वटा वडा र पनौती नगरलाई नै बालश्रममुक्त घोषणा गर्ने तयारी अवस्थामा रहेको छ ।
- वडामा रहेका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नका लागि कम्प्युटर तालिम संचालन गरिएको छ ।
- अन्तरपुस्ता सीप हस्तान्तरण र आत्मरक्षा कार्यक्रम मार्फत युवाहरूलाई आत्मवल प्रदान गरिएको छ ।
- सडक हरियालीको वृद्धि गरिएको र स्वच्छ नगर बनाउन सार्वजनिक स्थानहरूमा नियमित सरसफाई गरिएको छ ।
- लामो समयदेखि विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान हुन नसकिरहेको अवस्थामा ***"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"*** भन्ने नारालाई सार्थकता प्रदान गर्दै विद्यालयगत दरबन्दी मिलान सम्पन्न भएको छ। दरबन्दी मिलान गरि कम बिद्यार्थी भएका विभिन्न विद्यालयहरूका ३३ वटा मा.वि. र प्रा.वि. तहका दरबन्दी कटौती गरी विद्यार्थी बढी भएका विद्यालयमा थप गरिएको छ भने २ वटा विद्यालयहरु समायोजन गरिएको छ।
- दरबन्दी मिलान लगायत शैक्षिक सुधारका लागि स्थलगत अनुगमन गरी सुझाव पेश गर्न सामाजिक समितिका संयोजक वडाध्यक्ष श्री विपिन लामाको संयोजकत्वमा गठित समितिले समयमै तथ्यांक सत्यापन गरी दिएको सुझाव समेतका आधारमा शिक्षा समितिबाट दरबन्दी मिलान सम्पन्न भएको र बाँकी कामहरू निरन्तर रूपमा अघि बढाउने प्रतिवद्धता व्यक्त गर्दै दरवन्दी मिलान कार्यमा अहोरात्र खटेर कार्य सम्पादनहरु गर्नु हुने प्राविधिकि समितिका संयोजक लगायत सदस्यहरू, शिक्षा शाखा प्रमुख लगायतका कर्मचारीहरू, वि.व्य.स. पदाधिकारी, प्रधानाध्यापक सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।
- विद्यालयहरूमा रहेका कम्प्युटर तथा कम्प्युटर ल्यावको यथोचित उपयोग गर्दै सूचना प्रविधियुक्त सिकाई वातावरण तथा ई-लर्निङ्ग कार्यक्रम सम्पन्न गर्न विद्यालयहरूलाई सूचना प्रविधिसँग सम्बन्धित साम्रगीहरू उपलव्ध गराईएको छ । १ जना कम्प्युटर प्रशिक्षक नियुक्ति गरी करिब १५० जना शिक्षकहरूलाई १५ दिने कम्प्युटर तालिम दिईएको छ।
- सुरक्षित विद्यालयको अवधारणा पूरा गर्न आ.व. २०८०/०८१ सम्ममा सबै विद्यालयहरूको हाता संरक्षण तथा घेराबार गरिएको र कम्तीमा पनि १ वटा कम्प्युटर सेट प्रत्येक विद्यालयमा पुऱ्याई सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच पुर्याइएको छ।
- विद्यालयका विद्यार्थीहरूको चौतर्फी विकास गर्ने उदेश्यले नगरस्तरमा राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता संञ्चालन गरी काभ्रेपलाञ्चोक जिल्लास्तरीय प्रतियोगितामा सहभागी भएर प्रथम स्थान हासिल गरेको छ ।

- विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापहरूमा सहभागी गराई प्रतिभा उजागर गर्ने उदेश्यले विज्ञान तथा शैक्षिक प्रदर्शनी, नृत्य प्रदर्शन, हाजिरीजवाफ, वादविवाद तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भइ बालबालिकाहरूको प्रतिभाको विकास गर्ने कार्य गरिएको छ।

- युवाहरूलाइ सीप प्रदान गरी स्वरोजगार सिर्जना गर्ने र सीपयुक्त जनशक्ति विकास गर्ने उदेश्यले गत वर्ष २० जना युवाहरूलाई हलुका सवारीसाधन मर्मत तालिम दिइसकिएको र चालु आ.व. मा २० जना युवाहरूका लागि मोटरसाइकल मर्मत, २० जनालाई इलेक्ट्रिकल तथा हाउस वाइरिङ्ग, २० जनालाई प्लम्बिङ्ग, ४० जनालाई प्रोफेसनल कुक र २० जनालाई कम्प्युटर मर्मत तालिम दिइएको छ ।

- माध्यमिक तहसम्मका ३० जना साहाराविहिन तथा विपन्न परिवारका बालबालिकाहरूलाई एस.ओ.एस. विद्यालयमा अध्ययन गर्न छात्रवृत्ति दिईएको छ भने अन्यत्र प्राविधिक शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूलाई समेत छात्रवृत्ति उपलब्ध गराईएको छ।

- शोध र खोजमूलक शिक्षाको विकास गर्दै २ वटा विद्यालयलाई विज्ञान प्रयोगशाला र ३ वटा विद्यालयलाई सूचना प्रविधि प्रयोगशाला अनुदान प्रदान गरिएको छ ।

- संस्थागत स्थायीत्व र सेवा प्रवाहमा सहजता ल्याउन ३ वटा वडा प्रशासनिक भवनहरूको निर्माण कार्य शुरू भईसकेको र आगामी आर्थिक वर्षमा पूर्ण हुने चरणमा रहेको छ ।

- स्थानीय भाषा, संस्कृति, कला, सीप र चिनारीको संरक्षण, प्रवर्द्धन गर्न स्थानीय पाठ्यपुस्तकको निर्माण, कार्यान्वयन र सो बुझाइमा थप सहजताका लागि वृत्तचित्र निर्माण गरिएको छ ।

- कृषिसम्वन्धी घुम्ती तालिमबाट ३८८ जना कृषकहरू लाभान्वित भएका छन् ।

- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्नका लागि विभिन्न सहयोग र प्रविधि हस्तान्तरण गरिएको छ ।

- न्याय र नैतिकतामा आधारित सभ्य समाज निर्माण गर्ने सन्दर्भमा मेलमिलापका माध्यमबाट विभिन्न विषयका १२ वटा विवादहरू निवारण गरिएको छ ।

- ५५१८ जनालाई २०७ वटा जेष्ठ नागरिक स्वस्थ्य परिक्षण शिविर संचालन गरि निःशुल्क सेवा प्रदान गरिएको छ ।·२२ वटा मानसिक स्वस्थ्य शिविरमार्फत २८०३ जना बिरामीलाई स्वास्थ्य परिक्षण, परामर्श र निःशुल्क औषधी वितरण गरिएको छ ।

- ८७ जना स्वास्थ्यकर्मीहरूलाई उच्च रक्तचाप विषयमा तालिम प्रदान गरि सो तालिमप्राप्त स्वास्थ्यकर्मीमार्फत १५३७ जना उच्च रक्तचाप भएका विरामीहरूलाई उपचारको दायरामा ल्याइएको छ । नगरपालिकामा भएका स्वस्थ्य प्रयोगशाला मार्फत १५,६०६ वटा परिक्षण गरिएको ।

- नियमित अवसरबाट वंचित विपन्न, दलित, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई उद्यमशीलता तालिम तथा सहायता सामाग्रीहरू उपलब्ध गराइएको छ ।

- कृषि तथा पशुपालनको आधुनिकीकरण तथा व्यावसायिकरणका लागि प्रोटिनवेटको व्यवस्था, माटो परीक्षण, निशुल्क खोप, औषधि उपचार सेवा, प्राविधिक सेवा तथा पशुको लम्पीस्किन रोगबाट पीडित किसानहरूको राहतको लागि सहयोग उपलब्ध गराईएको छ ।

- स्वच्छता शुद्धता तथा सरसफाइ (WASH) कार्ययोजना तयार भएको छ ।

- संघीय सरकार, प्रदेश सरकार, सहयोगी संघसंस्था, दाता निकायहरूबीचको समन्वय एवं सहकार्यले सार्थकता पाइरहेको अवस्था छ ।

- सघन शहरी कार्यक्रम मार्फत संघीय सरकारसँग समन्वय गरी बजेट माग गरिएकोमा रू. १३ करोड बजेट स्वीकृत भई कार्यान्वयन भईरहेको ।

- बागमती प्रदेशका विभिन्न मन्त्रालयहरू मार्फत १८ करोड १३ लाखको योजना स्वीकृत भई उक्त बजेटबाट पनौती नगरपालिका क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाइ, भौतिक पूर्वाधारहरूको विकासमा लगानी गरिएको ।

- खोपासी अस्पताललाई संचालनमा ल्याउनका लागि ३० करोडको DPR बनाइ स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गराईएको ।

- विन्धबासिनी आध्यात्मिक केन्द्र र सचितिर्थ गुरूकुलको DPR सम्पन्न गरिएको ।

- भू-उपयोग योजना स्वीकृत गराई कार्यान्वयन गरिएको ।

- पनौती नगरपालिकाका २१५ जना नागरिकलाई विशेष सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको छ ।

- नगरलाई संस्थागत सुशासनयुक्त बनाउनका लागि अत्यावश्यक रहेका विभिन्न विषयसंग सम्बन्धित हालसम्म ८१ वटा र चालु आर्थिक वर्षमा ११ वटा कानून तर्जुमा गरिएको छ ।

- नगरपालिकाबाट सम्पादित कार्यलाई छिटो छरितो, चुस्त, दुरूस्त, पारदर्शी र मितव्ययी ढंगले सञ्चालन गर्दै नागरिकहरूमा सुशासनको प्रत्याभूति दिलाउनु नगरपालिकाको कर्तव्य हो । यसै मर्मलाई हृदयंगम गरी कार्य सम्पादन गर्दै आइएको छ, जसको फलस्वरूप आ.व. २०७९/०८० को लेखापरिक्षणमा हाम्रो नगरपालिका काभ्रे जिल्लाको सबैभन्दा कम बेरूजु हुने नगरपालिका र ७५३ स्थानीय तहहरू मध्ये कम हुने १० वटा पालिकाभित्र पर्न सफल भएको छ। यस खुशीयालीमा बेरूजु शून्य बनाउने उदेश्यले अहोरात्र क्रियाशिल प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखाका कर्मचारीहरू र सम्बन्धित सबै शाखाका शाखा प्रमुख एवं कर्मचारीहरूमा धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा शून्य बेरूजु गर्ने अभियानमा सबैको साथ सहयोग रहने अपेक्षा लिएको छु।

- आ.व २०७९/०८० मा पाचौं पटकसम्म बोलपत्र आव्हान गर्दा समेत खानीजन्य बस्तुहरूको उपयोग तथा निकासी शुल्क कर संकलन कार्यको ठेक्का लागेन र अनेकौं आलोचनाहरू आइरहे। यस विषम तथा कठिन परिस्थितिमा नगरपालिकाले अमानतबाट राजस्व संकलन गरी लक्ष्यको करिब १०० प्रतिशत नै पूरा गर्न सफल रह्यो । यस कठिन कार्यको व्यवस्थापन गरी सफलता हासिल गर्न अहोरात्र खट्नु हुने प्रमुख प्रशासकीय अधिकृत, राजस्व र लेखा शाखाका कर्मचारीहरू, राजस्व संकलनमा संयोजकको भूमिका निर्वाह गर्नुहुने मुक्तिनाथ के.सी. लगायत राजस्व सङ्कलन कार्यमा खट्नु हुने सबै कर्मचारी र सहयोग पुर्याउनुहुने उपप्रमुख लगायत सबै जनप्रतिनिधिहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

अव म आगामी आर्थिक वर्ष २०८१/८२ का प्राथमिकताप्राप्त प्रमुख कार्य र सो को नीतिगत व्यवस्थाको बारेमा चर्चा गर्दछु ।

१. सघन शहरी विकासको रणनीति अवलम्वन गरी पर्यटन प्रवर्द्धन, सडक पूर्वाधार, खानेपानी र सूचना प्रविधि क्षेत्रका पूर्वाधारलाई जोड दिइनेछ ।

२. दीगो स्थानीय आर्थिक विकासको निम्ति नीजि क्षेत्र, सहकारी, गैरसरकारी संस्था र स्थानीय समुदायसंग साझेदारीमा प्रभावकारी क्षमता विकास, उत्पादन वृद्धि, उद्यम विकास, बजारीकरण, रोजगारी सृजना तथा पूर्वाधार निर्माणका कार्यक्रमहरू संचालन गरिनेछ ।

३. पनौती-बनेपा सडक, पनौती-खोपासी सडक, मल्पी-भुमिडाँडा सडक, कुशादेवी-रयाले सडक, पनौती-नमोबुद्ध सडकको सौन्दर्य तथा हरितकरण गरी पनौती आवागमनलाई सहज र रमणीय बनाउन सडक खण्डको मूख्य-मूख्य स्थानमा टोल विकास संस्था, स्थानीय संघसंस्थाहरूको सहकार्यमा सार्वजनिक नीजि साझेदारी कार्यक्रम अर्न्तगत वृक्षारोपण, पार्क निर्माण, सडक विश्रामस्थल निर्माण, सडकवत्ती व्यवस्थापन र फोहोरमैला व्यवस्थित गरी सुन्दर, स्वच्छ, सफा, हरित पनौती अभियान शुरू गरिनेछ ।

४. सबै वडामा नगरपालिका कार्यालयबाट प्रत्यक्ष नियमन गर्न सक्ने गरी अनलाइन सेवाको समुचित प्रबन्ध गरिनेछ । साथै स्वास्थ्य, शिक्षा, पुस्तकालयमा पुऱ्याइएको सेवाको एकिकृत अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

५. पनौती नगरपालिका क्षेत्रमा संचालित ऐतिहासिक खानेपानी योजनालाई प्राकृतिक र आधुनिक प्रविधिबाट प्रशोधन गरी नगरभित्रको सम्पूर्ण जनतालाई शुद्ध र गुणस्तरयुक्त पिउने पानीको व्यवस्था गर्न आधारशिला तयार गरिनेछ

। साथै काभ्रे उपत्यका खानेपानी योजना अझै पनि अधुरो रहेको हुँदा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउनुका साथै नगरबाट आफ्नै स्रोत साधनहरूको प्रयोग गरी खानेपानीमा जनताको पहुँच पुऱ्याइनेछ ।

६. पनौती नगरभित्र रहेको पुरातात्विक महत्वका सम्पदाहरूलाई संरक्षण गर्दै विश्व सम्पदा सूचीमा सुचिकरणका लागि कार्यहरु अघि बढिसकेकोमा र थप कार्यलाई जोड दिइनेछ साथै सम्पदामैत्री घर तथा भौतिक संरचना निर्माण, सबलीकरण एवं प्रोत्साहनलाई यो वर्ष पनि निरन्तरता दिई धार्मिक पर्यटकीय नगरको रूपमा विकास गरिनेछ ।

७. बसपार्कको व्यवस्थापनमा केहि चुस्तता आइसकेको र पनौती बसपार्कलाई अझ व्यवस्थित गरिनेछ ।

८. पनौती शिरानचौरमा निर्माणाधिन रंगशालालाई पूर्णता दिनको लागि सरोकारवाला पक्षहरूवीच संवाद र सहकार्य गरी निर्माण कार्यलाई अघि बढाइनेछ ।

९. स्वीकृत योजना संचालन गर्नुपूर्व विनियोजित वजेटका आधारमा प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

१०. नगरसभाबाट स्वीकृत भई उपभोक्ता समितिबाट संचालन हुने योजनाहरू मंसिर मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने, वैसाख मसान्तभित्र सम्पन्न गरी ज्येष्ठ मसान्तभित्र फरफारक गरी भुक्तानी लिइसक्नुपर्ने गरी योजना संचालन गर्ने नीति लिईनेछ ।

११. पनौती नगरपालिकाभित्र संचालित रोडा ढुंगा उद्योग क्षेत्र विशेष गरी वडा नं. २ र १२ का स्थानीय नागरिकको हित, प्रोत्साहन र स्वास्थ्य सुविधाका लागि नगरपालिकाको ५०% खर्च सहभागितामा स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।

१२. नगर क्षेत्रभित्रका जटिल रोगबाट प्रभावित व्यक्ति, सुत्केरी महिला, जेष्ठ नागरिक र दलितको सेवा सुविधाका लागि निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

१३. प्रत्येक वडा कार्यालयहरूसम्म पक्की सडकको पहुँच पुऱ्याइनेछ ।

१४. खानी प्रभावित क्षेत्रका पूर्वाधार विकासका लागि विशेष बजेटको व्यवस्था गरिनेछ ।

१५. अधिकांश ढलको पहुँच विस्तार नभइसकेको क्षेत्रमा सोकपिट बनाउन प्रेरित गर्दै लेदो फोहोर व्यवस्थापनका लागि विद्यमान सक्सन मेशिनको क्षमता बढाई प्रभावकारी संचालनको व्यवस्था गरिनेछ साथै विभिन्न स्थानमा पटक-पटक ढल, नाली जाम हुने समस्यालाई समाधान गर्न जेटिङ्ग मेशिनको प्रबन्ध गरिनेछ ।

१६. वैकल्पिक उर्जाको प्रयोगलाई बढावा दिइनेछ । यसको प्रवर्द्धनका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र तथा अन्य संघ संस्थासंग सहकार्य गरिनेछ ।

१७. नगर क्षेत्रको जग्गालाई भू-उपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७८ का आधारमा जग्गाको वर्गीकरणको बाँकी कार्यहरू सम्पन्न गरिनेछ । जोखिमयुक्त र अनुपयुक्त स्थानहरूमा घर संरचना बनाउन निषेध गरिनेछ ।

१८. भू-उपयोग सूचना केन्द्र स्थापना गरी भू-उपयोग सम्बन्धी सूचना संकलन गरिनेछ ।

१९. उद्योग वाणिज्य संघ वा अन्य संघसंस्थाको सहकार्यमा आर्थिक क्षेत्रको विकासका लागि विभिन्न मेला, महोत्सव प्रदर्शनी जस्ता कार्यक्रमहरू आयोजना गरिनेछ ।

२०. पनौती नगरभित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक र रमणीय पर्यटकीय क्षेत्रको विकासका लागि संरक्षण, संवर्द्धन र प्रवर्द्धनका कार्यक्रमहरू संचालन गरिनेछ ।

२१. प्राचिन र पुरातात्विक इतिहास बोकेको पनौती नगरभित्रका व्यक्तिगत भवनहरूले पुरातत्व विभागबाट तोकिएको मापदण्ड वमोजिम हुने गरी भवनको अग्रभागमा रंगरोगन गरेमा प्राविधिक प्रतिवेदन बमोजिम हुन आउने कुल खर्चको ४०% मा नबढ्ने गरी प्रतिघर अधिकतम रू. ५०,०००/- (पचास हजार) का दरले उपलब्ध गराईने छ ।

२२. पुण्यमाता खोलाको प्राकृतिक सुन्दरता कायम गर्नका लागि बगाई ल्याएका वा आएका फोहोरहरू उपयुक्त स्थानहरूमा Trapping व्यवस्थापन गरी किनारमा वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।

२३. नगरपालिकाका कर्मचारीहरूको कर्मचारी कल्याण कोषलाई थप व्यवस्थित गरिनेछ ।

२४. पर्यटकीय क्षेत्रलाई पकेट क्षेत्रको रूपमा विकास गर्न, संचालन हुने तारे होटल/रिसोर्ट, होमस्टे, जिपलाईन बञ्जीजम्प, हाइकिङ, साईकिलिङ, रक क्लाईम्बिङ लगायतका क्षेत्रको प्रर्वद्धनका लागि पहुँच मार्ग, खानेपानी, विद्युत, एवं थप पूर्वाधारको विकास गरिनेछ ।

२५. अर्न्तराष्ट्रियस्तरका शिक्षण संस्थाहरू (विद्यालय, क्याम्पस) निर्माणका लागि आकर्षित गरिनेछ । सो को लागि जग्गा प्राप्तीमा सहजिकरण, पहुँचमार्ग, खानेपानी, विद्युत लगायतका पूर्वाधारको विकास गरिनेछ ।

२६. विपद्को तत्काल व्यवस्थापन गरिनेछ । विपद्को सामना गर्न विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने सामाग्रीहरूको भण्डारणलाई यथासक्य वडागत रूपमै व्यवस्थापन गरिनेछ ।

२७. विपद् जोखिम नक्साङ्कन तथा विपद व्यवस्थापन कार्ययोजना तयार गरिनेछ ।

२८. सार्वजनिक जग्गाहरूको पहिचान गरी छुट्याइनेछ । सार्वजनिक सम्पत्तिको अतिक्रमण रोक्न विवरण अद्यावधिक गरी नापजाँच, सिमाङ्कन, नामाङ्कन गराई ठहर भए बमोजिम आवश्यक कारवाही अघि बढाईनेछ ।

२९. जंगली जनावरको अतिक्रमणबाट हुने क्षति, प्राकृतिक विपद्बाट हुने क्षतिलाई न्यूनिकरण गर्न, विपद् पूर्वतयारी कार्यक्रम संचालन गर्न र क्षति भएमा स्रोतसाधनको सीमाभित्र रहि आवश्यक राहत सहयोग प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

३०. वित्तीय अनुशासनलाई सुदृढ गर्दै नगरपालिकाको बेरूजूलाई शून्य बनाउने नीति लिईनेछ ।

३१. भ्रष्टाचार तथा अनियमिततामा शुन्य सहनशीलताको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सुशासनयुक्त नगर बनाइनेछ र सर्वसाधारण जनताले अनुभूति गर्ने गरी व्यवहारमा कार्यान्वयन गरिनेछ ।

३२. सार्वजनिक सेवा वितरण र शासकीय सुधारको लागि जनताको सहभागितामा अभिवृद्धि गरि पृष्ठपोषण प्राप्त गर्न, सूचना तथा जानकारी तल्लो तहसम्म पुऱ्याउन सार्वजनिक जवाफदेहिताको परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमलाई यथासमयमा सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

३३. उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धनका लागि बजार अनुगमन, नियमन कार्यलाई प्रभावकारी बनाउन सरोकारवालाहरूको समन्वय र सहकार्यमा फिल्ड अभियानमार्फत थप प्रभावकारी बनाइनेछ ।

३४. उद्योगी व्यवसायीलाई व्यावसायिक सामाजिक उत्तरदायित्व बहन गरी नगरपालिकाको समग्र विकासमा सहभागी हुन प्रेरित गरिनेछ । व्यवसाय दर्ता तथा नवीकरणका लागि सरोकारवालाहरूको समन्वय र सहकार्यमा फिल्ड अभियान सञ्चालन गरिनेछ ।

३५. ***"नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायीत्व र कर्तव्य हो"*** भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा दरभन्दा दायरालाई प्राथमिकता दिइनेछ । यस कार्यलाई सहजीकरण गर्न सरोकारवालाको सहकार्यमा करदाता शिक्षा लगायतका प्रवर्द्धनात्मक कार्यक्रम गरिनेछ ।

३६. क्षेत्रगत रूपमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिलाई संस्थागत रूपले उपयुक्त कार्यक्रमको संयोजन गरी कदर तथा सम्मान गरिनेछ । सबैभन्दा धेरै कर दाखिला गर्ने, तोकिएको कर तोकिएको समयमा तिर्ने/बुझाउने करदातालाई प्रोत्साहनस्वरूप उत्कृष्ट करदाताको रूपमा सम्मान गरिनेछ ।

३७. नगरपालिकाभित्र रहेका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक कुराहरूलाई सम्बन्धित विज्ञहरू, सरोकारवाला तथा स्थानीय जनताहरूसँगको सहभागितामा पहिचान गरी स्रोत नक्सांकन प्रतिवेदन तयार पश्चात विकास निर्माणका योजनाहरू तथा कार्यहरू सरल, सुलभ, वैज्ञानिक र दिगो बनाईनेछ ।

३८. नगरपालिकाबाट विगतमा तय गरिएका योजनाहरूलाई समयानुकुल परिमार्जन गरी पञ्चवर्षीय योजना वा आवधिक योजनाको रूपमा लागू गरिनेछ । दिगो विकास लक्ष्य प्राप्तिका सूचकलाई स्थानीयकरण गरी आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

६

३९. असल अभ्यास, अनुभव आदान प्रदान, सिकाई क्षमता अभिवृद्धि लगायत द्विपक्षीय सम्बन्ध विस्तारका लागि स्वदेशी तथा विदेशी संघ संस्था तथा स्थानीय सरकारहरूसंग समन्वयात्मक सम्बन्ध स्थापित गरिनेछ ।

४०. वडा कार्यालयमा सिसि क्यामेरा जडान गरिनेछ । दुर्घटनाको न्यूनीकरण लगायत शान्ती सुरक्षामा थप मद्दत पुऱ्याउन सार्वजनिक स्थलहरूमा सिसि क्यामरा जडानलाई विस्तार गर्ने र भईरहेकालाई आवश्यकतानुसार मर्मत संभार गर्ने व्यवस्था मिलाईनेछ । शान्ती सुरक्षाको प्रत्याभूति गराउन नगर क्षेत्रमा तैनाथ नगर प्रहरी तथा सबै सुरक्षा निकाय बीचमा सु-सम्बन्ध कायम गराइनेछ । आवश्यकता बमोजिम माथिल्ला निकायसंग समेत समन्वय गरिनेछ ।

४१. नव-प्रवर्तनात्मक आविष्कारहरूलाई प्रोत्साहन गर्नका लागि प्रतिभा सम्मान तथा सहयोग गरिनेछ ।

४२. रोजगारी सिर्जना गर्नका लागि लामो र छोटो अवधिको सीपयुक्त तालिम संचालन गरी पनौती नगरभित्र उद्योग व्यवसाय स्थापना गर्नका लागि विशेष प्रोत्साहन गरी व्यवसायमैत्री नगरको रूपमा विकास गरिनेछ ।

४३. सार्वजनिक यातायातको क्षेत्रलाई मर्यादित, सुरक्षित एवं भरपर्दो बनाउन सम्बन्धित सेवा प्रदायकहरूसँग समन्वय गरी स्तरीय सेवाको सुनिश्चितता गरिनेछ ।

४४. सुरक्षित र गुणस्तरीय सडक पूर्वाधार निर्माणको नीति लिइनेछ । नगर सडक विकास गुरुयोजना (MTDP) आवश्यक संशोधन गरिनेछ ।

४५. सडक संजाललाई Web Based Information System मार्फत अद्यावधिक गरिनेछ ।

४६. स्वास्थ्य संस्थामा नै सुत्केरी हुने दरलाई शतप्रतिशत पुऱ्याउन प्रोत्साहनका थप कार्यक्रम संचालन गरिनेछ ।

४७. आधारभूत स्वास्थ्य सेवालाई घरदैलोमुखी बनाउन जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन एकीकृत स्वास्थ्य पूर्वाधारको नीतिलाई अवलम्वन गरिनेछ

४९. ग्रामीण क्षेत्रको यातायातलाई सहज र सर्वसुलभ बनाउनका लागि साना तथा मझौला सवारी संचालनमा प्रोत्साहन गरी सवारी संचालनका लागि आवश्यक वातावरण तयार गरिनेछ ।

५०. विभिन्न प्रकारका विपद् एवम् प्रकोपको सामना गर्न विपद् व्यवस्थापन कोषको वृद्धि एवं परिचालन गरिनेछ ।

५१. मानव अधिकार तथा न्यायमैत्री नगर घोषणालाई घोषित विषयवस्तुको हासिल उपलव्धीको समीक्षा गरी थप उपलव्धी प्रगतीका लागि कार्यक्रमिक तवरले अघि बढानेछ ।

५२. संघीय सरकार, प्रदेश सरकार, सहयोगी संघसंस्था, दाता निकायहरूबीचको समन्वय एवं सहकार्य गरी कार्यक्रम अगाडी बढाईने नीति लिईनेछ ।

५३. तरकारी बजार क्षेत्रलाई व्यवस्थित गरिनेछ, साथै देशका अन्य ठूला शहरमा रहेका तरकारी तथा कृषि बजारसँग आवद्ध गराइनेछ ।

५४. साना तथा मझौला कृषकहरूलाई कृषि बजारसंग सोझै जोड्नका लागि एक वडा एक कृषि तथा पशु बजार केन्द्र स्थापना गरि online मार्फत कृषि तथा पशुजन्य व्यापार गर्ने नीतिमा जोड दिइनेछ ।

५५. कृषक पशुपालक पर्यटन व्यवसायी र उत्पादन उद्योगीहरूलाई प्रोत्साहनका लागि कार्यविधि बनाई प्रत्येक वडा र नगरस्तरमा सम्मान र प्रोत्साहन गरिनेछ ।

५६. पनौती नगरपालिकामा गरिँदै आएको सुन्तला खेतिमा देखिएको रोगले खेति नै विस्थापन हुने अवस्थामा पुगेका कारण रोगका विषयमा अध्ययन गरी वैकल्पिक फलफूल खेतिको सम्भाव्यता अध्ययन गरिनेछ ।

५७. अलैंची, कुचो, सुन्तलाका उन्नत जातको विउ भित्र्याइनेछ ।

५८. नक्सापास प्रकृयामा Online पद्धतिको अवलम्वनसहित Digitize गर्ने प्रकृया थालनी गरिनेछ ।

५९. बालबालिका तथा युवालाई लक्षित गरी लागू औषध दुर्व्यसनी, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव बेचविखन र विद्युतीय अपराधविरुद्ध सचेतना जगाउन ***"हाम्रो ध्यान, युवा सचेतना अभियान"*** कार्यक्रम संचालन गरिनेछ ।

६०. स्थानीय पाठ्यक्रम अनुसार कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक निर्माण कार्य सम्पन्न भएको र पाठ्यपुस्तकहरू छपाइ गरी प्रत्येक विद्यार्थीहरूलाई निशुल्क रूपमा वितरण गरिनेछ ।

६१. अनाथ र अति विपन्न वालवालिकाहरूलाई नगरभित्रका सुविधा सम्पन्न विद्यालयहरूमा पढ्ने व्यवस्था मिलाईने छ ।

६२. पनौती बहुप्राविधिक विद्यालयलाई थप विस्तार तथा विकास गरिनेछ ।

६३. भर्खरै विद्यालय शिक्षा पूरा गरेका तथा शिक्षित तर बेरोजगार युवाहरूलाई भावी शैक्षणिक योजनाका विषयमा विषय विज्ञवाट परामर्श प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

६४. नगर विकासको लागि विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूलाई आह्वान गरी आर्थिक लगानी सम्मेलन गरिनेछ ।

६५. नगरपालिकाको काम कारबाही सम्वन्धी विषयमा निरन्तर विज्ञ सेवा उपलब्ध गराउन पूर्व सुरक्षाकर्मी, प्राध्यापक, शिक्षक, कर्मचारी, खेलाडी र विषयविज्ञहरूको समूह बनाई विषयगत रूपमा उहाँहरूको विज्ञतालाई कदर गर्दै सम्बन्धित विषयको योजना निर्माणमा समावेश गरिनेछ ।

६६. स्थानीय तह निकायमा स्थायी नियुक्ती भई सेवा अवधि २० बर्ष र ५० बर्ष उमेर पुरा भएका कर्मचारीहरूले अवकास लिन चाहेमा बाँकी रहेको सेवा अवधि निजहरूको सेवा अवधिमा थप गरी अवकास सुविधा वापतको सेवासुविधा भुक्तानी गर्ने गरी सुनौलो अवकास योजना कार्यान्वयन गरिनेछ ।

६७. स्थानीय तहमा पाईने रैथाने वस्तु, खाद्यान्न, सामग्री जस्तै यमोरी लगायतका खाद्य पदार्थ, हस्तकलाका सामग्रीको ब्रान्डिंग तथा बजारीकरण गर्न सहयोग गरिनेछ ।

६८. पनौती नगरपालिका क्षेत्रभित्र लामो समयदेखि बसोबास गरी आएका भूमिहिन तथा सुकुम्बासीहरूलाई कानूनी प्रकृया पुरा गरी यथाशक्य छिटो जग्गाधनी प्रमाण पूर्जा वितरण गर्न पहल गरिनेछ ।

६९. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जमिन उपलब्ध गराएपश्चात अति गरिब परिवारको लागि आवास र जीविकोपार्जनका कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

७०. प्रदुषण नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ । विशेष गरी खानीजन्य, नदीजन्य सामग्री वोक्ने सवारी-साधनहरूको टायर सफा गर्ने स्वचालित संरचना यसै आर्थिक वर्षभित्र निर्माण गरिनेछ ।

७१. घरमा उत्पन्न हुने फोहोर वर्गीकरणको लागि उपभोक्ताहरूलाई सचेतना अभियान संचालन गने तथा नीजि क्षेत्रको साझेदारीमा व्यवस्थापन कार्य गर्ने र फोहोरको व्यवस्थापन स्थायी रूपमा गर्नको लागि जग्गा पहिचान र जग्गासम्म पुग्नको लागि पहुँच मार्ग निर्माण गरिनेछ ।

७२. परम्परागत जात्रा महोत्सव र सांस्कृतिक कार्यक्रमहरूलाई संरक्षण र प्रवर्द्धन गर्न अक्षय कोषको निर्माण भइसकेको र सो कोषको वृद्धि गरी जात्रा महोत्सव र सांस्कृतिक कार्यक्रमहरूलाई व्यवस्थित गरिनेछ ।

७३. पनौती नगर पर्यटन गुरु योजना अद्यावधिक गरिनेछ ।

७४. ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक मठमन्दिर, पाटी, ढुङ्गेधारा, पार्क, उद्यान, बगैंचा जस्ता स्थलहरूको संरक्षण संवर्द्धन र प्रवर्द्धन गरि धार्मिक तथा मनोरम पर्यटकीय नगरका रूपमा विकसित गरी आन्तरिक र बाह्य पर्यटनको आगमनलाई बढवा दिइनेछ ।

७५. पर्यावरण तथा वातावरण संरक्षणका महत्वपूर्ण जलाधार क्षेत्रको संरक्षणका लागि गुरुयोजना तयार गरिनेछ ।

७६. सबै नागरिकको स्वास्थ्यमा ध्यान राखी (WASH) स्वच्छता शुद्धता तथा सरसफाईसँग सम्बन्धित क्रियाकलाप संचालन गरिनेछ ।

७७. छोरी, बुहारीहरूको उच्च शिक्षामा पहुँच वृद्धिका लागि छोरी बुहारी छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ ।

७८. क्याम्पस तथा विद्यालयहरूलाई एकमुष्ठ अनुदान दिइदै आएकोमा आगामी आर्थिक वर्षदेखि शैक्षिक सुधार योजना प्रस्ताव तथा कार्यविधिका आधारमा मात्र अनुदान दिइने व्यवस्था गरिनेछ ।

७९. सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि E-library server को व्यवस्था गरी online शिक्षामा पहुँच विस्तार गरिनेछ ।

८०. नगरभित्र लघु उद्यम केन्द्र, औद्योगिक ग्रामको स्थापना गरिनेछ ।

८१. विशेषज्ञ डाक्टरको व्यवस्थासहित खोपासी स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रूपमा स्तरोन्नती गरिनेछ ।

८२. **"शारीरिक तन्दुरूस्ती नै निरोगिताको आधार हो"** त्यसैले शारीरिक तन्दुरूस्ती हासिल गर्नका लागि *"तनावरहित बनौं, स्वस्थताका लागि व्यायाम गरौं"* भन्ने नाराकासाथ व्यायामशालाहरूको निर्माण गरिनेछ । नागरिकको स्वस्थ जीवन बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न ज्येष्ठ नागरिक चौतारी, बाल उद्यान निर्माण गरिनेछ ।

८३. विद्युत लाईन, पोल, ट्रान्सफर्मर सुधार, सडकबत्ती, मार्सलाईट आदि विषयमा सुधार गरी उज्यालो पनौती निर्माणको लागि कार्यहरू गरिनेछ ।

८४. वडा कार्यालयबाट आधुनिक प्रविधि र सेवाग्राहीमैत्री सेवा प्रवाह गर्ने नीति अनुसार बाँकी वडाको प्रशासनिक भवन निर्माणका लागि जग्गा व्यवस्थापन एवं भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८५. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा कर्मचारी प्रशासनलाई थप व्यवस्थित गराईनेछ । नगरपालिकाको सेवा प्रवाहलाई सहज सरल र स्तरीय बनाई अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्न आवश्यक प्रकृया आरम्भ भइसकेकोले यस सम्बन्धमा अन्य अत्यावश्यक प्रशासकीय सुधार, संरचनागत सुधार गरी उच्चतम् प्रविधियुक्त बनाउने जस्ता सूचकमा आधारित कार्यक्रमहरू संचालन गरिनेछ ।

८६. सम्बोधन हुन बाँकी रहेका वडागत रूपबाट प्राप्त विभिन्न योजना तथा कार्यक्रमहरू, विषयगत रूपमा प्राप्त योजनाहरू, विभिन्न संघ संस्था, समुह, व्यक्तिहरूबाट प्राप्त कार्यक्रम सहितका राय सुझावहरू समेत एकिकृत गरी नगरपालिकाको योजना बैंकमा समाविष्ट गरी उक्त कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

८७. नगरपालिकाको सम्पूर्ण भूगोल समेटिने गरी टोल विकास संस्था गठन तथा परिचालन गरि भौगोलिक नक्साकंन समेत गरिनेछ ।

८८. CTEVT ENSSURE परियोजना संगको समन्वयमा मागमा आधारित सीपमुलक तालिम संचालन गर्ने र तालिममा सहभागीहरूलाई स्थानीय आर्थिक विकास (Local Economic Development -LED) को अवधारणा अनुसार विउपूँजी परिचालन कोषमा आवद्ध गराइनेछ ।

८९. फरक क्षमता भएका व्यक्तिहरूलाई सहयोगी साधन निशुल्क उपलब्ध गराइनेछ ।

९०. पशुपन्छीका माहामारीजन्य रोग एफ.एम.डी, पि.पि.आर, स्वाइन फिबर, लम्पीस्किन जस्ता रोगहरू विरूद्धको खोप कार्यक्रम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९१. सामुदायिक कुकुर तथा चौपायाहरूको नियन्त्रणका लागि आवश्यक कार्यहरू अघि बढाइनेछ ।

९२. कृषि तथा पशुपन्छी फर्म, मासु पसल, बधशाला, दुध डेरी, भेटेरिनरी औषधि पसल, एग्रोभेट, चल्ला सप्लायर्स र दाना उद्योगलाई नियमन तथा व्यवस्थित गर्न नियमित अनुगमन गरिनेछ ।

९३. स्वस्थ हिंडडुल गर्न सक्ने ८० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई संघसंस्था एवम् नगरको सहकार्यमा तिर्थाटन गराइनेछ ।

९४. व्यक्तित्व विकासका नियमित अवसरवाट वंचित विपन्न, दलित, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको वहुआयमिक सशक्तिकरणका लागि वैकल्पिक अवसर सिर्जना गर्न प्रभावकारी रूपमा सेवा प्रवाह गरिनेछ ।

९५. "हाम्रो नगर, धुलोरहित शहरलाई" मूर्तरूप प्रदान गर्नका लागि मिनि ब्रुमर खरिद र पनौतीका दक्षिण क्षेत्रबाट विश्वसम्पदा सूचीमा प्रस्तावित क्षेत्र पनौती ६ र ७ प्रवेश गर्ने प्रत्येक सवारी साधनहरूको चक्का धुने व्यवस्था मिलाउनका लागि निजी लगानीकर्ताहरूलाई उत्प्रेरित गरिनेछ ।

९६. डिजिटल पनौतीको अवधारणालाई क्रमशः लागू गर्दै लगिने छ । प्रविधिमा आधारित सेवा प्रवाह, GIS Web Based मा आधारित तथ्यांक व्यवस्थापन प्रणाली, डिजिटल भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

९७. भइरहेका सिंचाईको मर्मत सम्भार गरिनुका साथै सिंचाई सुविधा नभएका ठाउँमा सिंचाईको व्यवस्था गरिने छ ।

९८. कृषि तथा पशुजन्य उपजहरूको प्रदर्शन तथा विस्तारका लागि पायक पर्ने स्थानको छनौट गरी कृषिमेला, कृषि तथा पशुपन्छी हाटबजार सञ्चालन गरिनेछ ।

९९. माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि आ.व. २०८१/०८२ मा चालुतर्फ ७४ करोड ७१ लाख ८० हजार, पुजिँगततर्फ ८३ करोड ९८ लाख २० हजार र वित्तीय व्यवस्था १ करोड ३० लाख गरी कूल १ अरब ६० करोड बजेट व्यवस्था गरी अपेक्षित लक्ष्य तथा उद्धेश्यहरू हासिल गरिनेछ ।

१००. प्रस्तुत नीति तथा कार्यक्रमलाई नै मूल मेरूदण्डका रूपमा राखी शाखागत रूपमा तयार गरिएका संलग्न कार्यक्रमहरू कार्यान्वयन गरी नगरका समष्टीगत संभावना र अवसरहरूलाई आत्मसाथ गरी कार्यान्वयन गरिनेछ ।

## क. सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति

१. पारदर्शिता, जवाफदेहिता, नैतिकता र निर्णयमा सहभागिता, जनसहभागिता, योजनावद्ध कार्यप्रणाली जस्ता सुशासनका अन्तरवस्तुलाई आत्मसात गरी स्थानीय सरकार संचालनमा कानूनको शासनको प्रत्याभूति गराई सुशासनलाई वढावा दिइनेछ ।

१. नगरपालिका तथा वडा कार्यालयमा अनिवार्य रूपमा ई-हाजिरी प्रणाली स्थापना तथा कार्यान्वयन गरिनेछ । नगरपालिकाबाट प्रवाह गरिने सेवा प्रवाह एवं गतिविधिलाई क्रमशः विद्युतीय शासन प्रणाली लागू गर्दै सेवा प्रवाहलाई सरल, सहज र पारदर्शी गराइनेछ ।

२. सबै शाखा र वडाहरूका विचमा समन्वयकारी भूमिका निर्वाह गरिनेछ । साथै शाखा र वडाहरूवाट भएका प्रगतिलाई चौमासिक तथा वार्षिक रूपमा प्रकाशन गरिनेछ । नगरपालिका तथा वडावाट भएका असल अभ्यास एवम् सिकाईहरूको दस्तावेजीकरण गरिनेछ ।

३. संघीय तथा प्रदेश सरकारको ऐन तथा नीति बमोजिम कर्मचारीहरूको स्तरवृद्धि र तहवृद्धि लगायत अन्य सेवा सुविधाको व्यवस्थाहरूलाई कार्यान्वयन गरिने तथा कार्यसम्पादनमा दण्ड-पुरस्कार प्रणालीको अवलम्वन गरी राष्ट्रसेवक कर्मचारीहरूमा जनताप्रति समर्पित भई गर्ने, जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ ।

४. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई सेवा प्रवाहमा उत्प्रेरित गर्नका लागि सार्वजनिक सेवा प्रवाह, स्थानीय सरकार संचालन जस्ता विषयमा क्षमता विकास कार्यक्रम, असल अभ्यास आदानप्रदान र अध्ययन अवलोकन जस्ता कार्यक्रमहरू संचालन गरिनेछ । प्रशासनिक सुधार र सुशासनसम्बन्धी विषयमा कर्मचारीहरूलाई सेवाकालिन तालिम मार्फत क्षमता अभिवृद्धि एवं वृत्ति विकास गरिनेछ ।

५. सर्वसुलभ छिटो छरितो सेवा, पारदर्शिता जस्ता विषयको पूर्ण उपयोगको लागि नागरिक बडापत्रको अद्यावधिक गरिनुका साथै जनताको सु-सूचित हुन पाउने सूचनाको हकको पूर्ण प्रत्याभूति गराइनेछ । सेवा प्रवाहलाई थप प्रभावकारी वनाउनको लागि गुनासो सुनुवाई संयन्त्रलाई व्यवस्थित गराइनेछ ।

६. सेवा प्रवाह मापदण्ड कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गरिनेछ । *Right Man In Right Place At Right Time* को अवधारणा लागू गर्दै शाखागत रूपमा *TOR* तयार गरी कार्यसम्पादन सम्झौता गरिनेछ ।

७. नगरपालिकाको खरिद प्रणालीलाई व्यवस्थित गर्न चौमासिक र वार्षिक खरिद योजना तयार गरी दरभाउपत्र र वोलपत्रवाट खरिद गर्ने प्रणाली अवलम्वन गरिनेछ । नगरभित्र रहेका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य

संस्था, विद्यालय लगायत नगरपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण संघसंस्थाको भौतिक सम्पत्तिको अवस्था र जिन्सी निरीक्षण गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

८. कर्मचारीहरूलाई कार्यसम्पादन तथा कार्यमूल्याङ्कनको आधारमा कार्यविधि निर्माण गरी तहगत समायोजन तथा प्रोत्साहन भत्ता दिने व्यवस्था गरिनेछ ।

९. सेवा प्रवाह एवं अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सूचना तथा अभिलेख केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

१०. नगरपालिकाका विषयगत समितिहरूलाई थप उत्तरदायी, क्रियाशील र परिणाममुखी बनाइनेछ ।

११. नगरपालिकामा दर्ता तथा सूचिकृत भएका विभिन्न गैर सरकारी संस्थाहरूले नगरपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्दा नगरपालिकाको NGO फोकल पर्सन मार्फत व्यवस्थित गरिनेछ ।

१२. LISA, FRA संग जोडिएका सूचक र सो संग सम्बन्धित क्रियाकलापको पूर्ण कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण कार्य गरिनेछ । अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याईएका टिप्पणी तथा कैफियत सुधारको लागि आवश्यक कार्यहरू गरिनेछ ।

## ख. शिक्षा विकास सम्बन्धी नीति

२. दिगो विकास लक्ष्य कार्यान्वयनको लागि शैक्षिक रणनीतिक योजनाको स्थानीयकरण, प्रविधिमैत्री शैक्षिक कार्यक्रम सञ्चालन गरी बदलिंदो परिस्थिति र समयसापेक्ष शिक्षण सिकाईलाई सूचना प्रविधिसंग जोडी इ-लर्निङ कक्षा सञ्चालनमा पहल गरिनेछ ।

३. विद्यालको सेवाक्षेत्र र विद्यालको सेवाक्षेत्रसँग यातायात सञ्जालमा जोडिएका संस्थागत (बोर्डिङ्ग) विद्यालयहरूमा शिक्षक, कर्मचारी र व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूले आफू र आफ्ना परिवारका सदस्यहरूले शेयर लगानी गर्न नपाउने, लगानी भएका शिक्षक, कर्मचारीहरूलाई कानुनी दायरामा ल्याई कारवाहीको प्रक्रिया अघि बढाउने, त्यस्ता व्यक्तिहरू अस्थायी तथा करारमा नियुक्ति हुन नपाउने र व्यवस्थापन समितिमा रहन नपाउने गरी कानुनी व्यवस्था मिलाउने प्रक्रिया अघि बढाइनेछ ।

४. सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि विद्यार्थी दिवा खाजा कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, निशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरण, विद्यालयको भौतिक निर्माण, प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री व्यवस्था, केन्द्रवाट तोकिएका नमुना विद्यालय कार्यक्रम कार्यान्वयन, निशुल्क सेनिटरी प्याड व्यवस्थापन जस्ता सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५. संस्थागत विद्यालयहरूमा अध्ययनरत छात्राहरूका लागि सम्बन्धित विद्यालय समेतको सहभागितामा सेनिटरी प्याड उपलब्ध गराउने कार्यको शुरूआत गरिनेछ ।

६. *जहाँ विद्यार्थी त्यहाँ शिक्षक* भन्ने अवधारणा कार्यान्वयन गर्ने क्रममा शैक्षिक सत्र २०८० मा शिक्षक दरवन्दी मिलान, विद्यालय गाभ्ने तथा कक्षा समायोजन कार्य सम्पन्न भइसकेको छ । यस कार्यलाई प्रत्येक शैक्षिक सत्रमा निरन्तरता दिंदै विषयगत तथा तहगत शिक्षक व्यवस्थापन कार्यलाई प्राथमिकतामा राखेर अघि बढाइनेछ।

७ उच्च शिक्षालाई प्रभावकारी गुणस्तरीय र प्राविधिक शिक्षातर्फ जोड दिई आत्मनिर्भर, स्वावलम्वन र रोजगारोन्मुख शैक्षिक वातावरण वनाउन पहल गरिनेछ ।

८. *एक नगर एक प्राविधिक विद्यालय*को अवधारण अनुरूप संघ र प्रदेशसँग समन्वय गरी लागत साझेदारीमा प्राविधिक विद्यालय सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ । यसरी सञ्चालित विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गरी आवासीय रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९. आफ्नो विषयक्षेत्र र जिम्मेवारीमा उत्कृष्टता हासिल गर्ने शिक्षक, कर्मचारी व्यवस्थापन समिति तथा उच्च अंक ल्याउने सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई सम्मान गरिनेछ ।

१० नगरस्तरीय कम्प्युटर प्रशिक्षक शिक्षकलाई निरन्तरता दिई विद्यालयका शिक्षकहरूका लागि प्रविधिमैत्री सिकाइमा सहयोग पुऱ्याईनेछ ।

११. विद्यालय परिसर सुधारका कार्यक्रम सञ्चालन गरी शौचालय निर्माण तथा सुधार, पिउनेपानीको व्यवस्थाका साथै विद्यार्थीको शारीरिक, मानसिक तथा संवेगात्मक विकासको लागि बालमैत्री उद्यान, कक्षाकोठा, प्रयोगशाला, ICT LAB, पुस्तकालय, वाचनालय, चमेनागृह आदिको आवश्यकीय पूर्वाधारहरूको व्यवस्था गरिनेछ ।

१२. विद्यालयहरूमा शैक्षिक वातावरण सिर्जना गरी शिक्षण सिकाइमा विद्यालयहरू बीचमा स्वच्छ र सिर्जनात्मक प्रतिस्पर्धा गराई एक आपसमा सिकाइ आदानप्रदान गर्न एवं राम्रा कामहरूको प्रचारप्रसार गर्न ***राम्रा अभ्यासहरूको वृतचित्र तथा डकुमेन्ट्री*** तयार गरी शैक्षिक प्रचारप्रसारको व्यवस्था मिलाइनेछ ।

१३. सामुदायिक विद्यालयहरूमा कार्यरत विद्यालय सहयोगी कर्मचारी, सहायक कर्मचारी, बालविकास सहयोगी कार्यकर्ता र नगर शिक्षकहरूको कार्यक्षमतामा वृद्धि गराउन नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप नपुग रकमको व्यवस्थापन गर्ने तथा स्कूल बस सेवालाई प्रभावकारी व्यवस्थापनको लागि सन्चालन खर्चलाई निरन्तरता दिइनेछ ।

१४. शैक्षिक सुधारको प्रस्ताव तथा कार्यविधिका आधारमा विद्यालय तथा क्याम्पसहरूलाई अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१५. सिकाई उपलब्धिको वेसलाइन तयार गरी न्यूनतम वार्षिक सिकाई उपलब्धि हासिल हुने गरी शिक्षण सिकाईमा जोड दिइनेछ ।

१६. नगर भित्रका सामुदायिक विद्यालयहरूमध्येबाट नमुना विद्यालयको रूपमा विकास गरी क्रमशः ***एक वडा एक नमुना विद्यालय*** कार्यक्रम सञ्चालन गरी विद्यार्थीको क्षमता अभिवृद्धि गर्न विद्यार्थीलाई ***ल्याउने, सिकाउने र टिकाउने*** नीति अघि बढाइनेछ ।

१७. विद्यालयको शैक्षिक, प्रशासनिक,आर्थिक, भौतिक व्यवस्थापन लगायतका विषयमा चुस्तता कायम गर्न तथा शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन रूजु सूचि वनाई आकस्मिक निरीक्षण एकल तथा समुह सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी वनाइनेछ ।

१८. वालविकास केन्द्रलाई सामग्रीयुक्त वनाइ वालमैत्री वातावरणकासाथ बालबालिकाले सिक्ने अवसर सिर्जना गरिनेछ ।

१९. विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलाप, खेलकुद जस्ता प्रतिस्पर्धात्मक क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइनेछ । जसका लागि विद्यालयलाई खेलकुद तथा शैक्षिक सामग्रीयुक्त वनाउने तथा विद्यार्थी खेलकुद विमा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२०. विपन्न नागरिकका छोराछोरी, लोपोन्मुख, सिमान्तकृत, दलित, गरिव, जेहेन्दार तथा अभिभावक गुमाएका छात्रछात्राहरूका लागि माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक विषय तथा अन्य विषय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनुको साथै नगरपालिकाभित्रका विद्यालय तथा क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि आवश्यकता अनुसार छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२१. पूर्वराष्ट्रसेवक कर्मचारी, पूर्वशिक्षकहरूको सीप, क्षमतालाई उपयोग गरी विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति तथा प्रतिभाहरूको खोजी गरी रोष्टर तयार पारी ***"शिक्षाप्रेमी मिलौं सब, सुन्दर पनौती शैक्षिक हव"*** निर्माणमा सहभागी गराइनेछ ।

२२. विद्यालयहरूको भवन निर्माण लगायतका ठूला योजनाहरू सम्बन्धित तालुक निकाय तथा दातृ संस्थासंगको समन्वयमा कार्य अघि बढाइनुको साथै विद्यालयका शौचालय, खानेपानी, सामान्य मर्मत सम्भार घेरावार, गार्डेन लगायतका कार्य नियमित रुपमा सन्चालन गरी विद्यालयलाई सफा, सुन्दर सुरक्षित र व्यवस्थित गरिनेछ ।

२३. शिक्षकको पेशागत विकासलाई मर्यादित वनाई सिकाई वातावरण सरल, प्रविधिमैत्री वनाउन आवश्यकीय तालिम, कार्यशाला, अवलोकन भ्रमण, प्रदर्शनी जस्ता कार्यहरू सञ्चालन गरिनेछ ।

२४. विद्यालयहरूमा एकिकृत शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित गरी तथ्याङ्क सत्यापन र योजना निर्माण कार्यान्वयनमा विश्वसनियता कायम गरिनेछ । सो प्रणालीको प्रयोगबाट विद्यालयको अभिलेख व्यवस्थापन, परीक्षाफल प्रकाशन, सिकाई उपलब्धि विश्लेषण जस्ता कार्यमा प्रभावकारीता ल्याइनेछ ।

२५. ***योजनावद्ध शिक्षण सिकाई शिक्षकको दायित्व, दैनिक कार्ययोजना र सिकाईमा स्थायीत्व*** भन्ने मर्मकासाथ शिक्षक कार्यतालिका, विद्यार्थी मनिटर, डायरी कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

२६. सामुदायिक विद्यालयको सिकाई अभिवृद्धिको लागि थप सन्दर्भ सामग्री तथा रिमेडियल कक्षा सञ्चालन गरेका विद्यालयलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२७. ***अभिभावक, शिक्षक र सरोकारवालाको साझेदारी, हाम्रो विद्यालय हाम्रो जिम्मेवारी*** भन्ने भावनाकासाथ विद्यालयको सुधारमा लाग्ने शैक्षिक सरोकारवालाहरूसंग अन्तरक्रिया तथा अन्तरसम्वाद कार्यक्रम सन्चालन गरि शैक्षिक विकासमा सामुहिक योगदानको विकास गरिनेछ ।

## ग. युवा तथा खेलकुद सम्बन्धी नीति आ.व. २०८१/८२

१. स्वदेशमै स्वरोजगार सिर्जना गर्न युवाहरूका लागि प्राविधिक ज्ञान तथा सीपयुक्त छोटो, मध्यम तथा लामो अवधिका कार्यगत अभ्याससहितको तालिमहरू सन्चालन गरिनेछ ।

२. निर्माणधिन पनौती रंगशालाको व्यवस्थापन र स्तरोन्नती गर्ने कार्यलाई आवश्यक पहल गरिनेछ र सोको संरक्षण, सम्वर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३. ***युवा तथा खेलप्रेमीको आव्हान, स्वस्थ जीवनशैली खेलक्षेत्रको साधन*** भन्ने भावनाकासाथ परम्परागत रूपमा खेलिने खेलको संरक्षण तथा विभिन्न खेलकुद कार्यक्रमसंग सम्वन्धित प्रशिक्षण, प्रतियोगितात्मक कार्यक्रमको आयोजना गरिनेछ ।

४. वैदेशिक रोजगारीवाट फर्किएका युवायुवतीहरूलाई स्वदेशमै उद्यमशील वनाउन विशेष पहल गरिनेछ ।

५. माध्यमिक तहमा अध्ययनरत युवायुवतीहरूलाई उनीहरूको क्षमता र दक्षता अनुसार पेशा व्यवसाययुक्त सीप विकासतर्फ आकर्षित गर्न रोजगारी छनौटका विषयहरूमा वृत्ति परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरभित्रका संघसंस्था, युवाक्लवहरूलाई नगरको विकासमा भरपुर उपयोग गर्दै सुशासन र दिगो विकासका लागि परिचालन गरिनेछ ।

७. वडाहरूमा युवा क्लवहरू गठन गरी युवा तथा खेलकुद क्लव मार्फत खेलकुद तथा सामाजिक गतिविधिहरू सञ्चालन गरी युवाहरूलाई सामाजिक उत्तरदायीत्व वहन गर्न प्रेरित गरिनेछ ।

८. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता लगायत अन्तरपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा युवा/विद्यार्थीहरूलाई सहभागिताको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९. नेपाल स्काउट, जु.रे.स., यु.रे.स, ईको क्लवहरू मार्फत युवा तथा विद्यार्थीहरूलाई संगठित, अनुशासित र सेवामुखी भावनाको विकास गर्न उत्प्रेरित गरिनेछ ।

१०. विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन तथा सहभागिताका लागि खेलकुद सामग्रीहरूको व्यवस्था मिलाइनेछ ।

११. ***एक वडा एक खेलमैदान***को अवधारणलाई निरन्तरता दिई वडास्तरमा आयोजना गरिने खेलकुद प्रतियोगितालाई आवश्यक समन्वय गरिनेछ ।

१२. युवालक्षित कार्यक्रमको लागि सीपयुक्त, रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरूको आयोजना गर्न सरोकारवाला संघसंस्था तथा निकायहरूसंग आवश्यक पहल गरिनेछ ।

१३. विदेशवाट फर्किएका युवायुवती लक्षित उद्यमशीलताको लागि उनीहरूले सिकेका सीपको उपयोग हुनेगरी रोजगारदाताहरूसंग समन्वयको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४. वडा तथा नगरपालिकास्तरमा खेलकुदको स्वच्छप्रतिस्पर्धाको वातावण सिर्जना गरी खेलकुद विकासलाई अघि बढाइनेछ ।

## घ. स्वास्थ्य सम्बन्धी नीति

१. स्वास्थ्य सेवा आधारभूत आवश्यकता हो, उपचार गर्न नसकेर अस्पताल जान नसक्ने अवस्था सिर्जना हुनु हुँदैन, त्यसैले सुत्केरी महिला, वृद्ध, अपाङ्गता भएका र गरिबहरूका लागि नगरकार्यपालिकामा रहेको एम्बुलेन्स निःशुल्क प्रयोग गर्ने व्यवस्था गरिनेछ ।

२. स्वास्थ्य क्षेत्रमा नगरपालिकाले हासिल गरेका उपलब्धिहरू सरोकारवालहरूसमक्ष पुऱ्याउने उद्देश्यले स्वास्थ्य सम्बन्धी वृत्तचित्र निर्माण गरिनेछ ।

३. मानसिक स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ र मानसिक स्वास्थ्य समस्या भएका विरामीहरूको नियमित परामर्शको लागि मानोसामाजिक परामर्शकर्ता परीचालन गरिनेछ साथै मानसिक स्वास्थ्य सम्बन्धि प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई एकिकृत रूपमा विकास र विस्तार गरिनेछ ।

४. नसर्ने रोग सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवालाई एकिकृत रूपमा विकास र विस्तार गरिनेछ ।

५. जेष्ठ नागरिकहरूलाई कृत्रिम दाँत र दन्त सेवा उपलब्ध गराउनुका साथै "ज्येष्ठ नागरिक स्वास्थ्य सेवा" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. विपन्न नागरिकलाई नेपाल सरकारले तोकेका कडा रोगहरूका (मुटु, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, अल्जाइमर र पार्किन्संस) लागि प्रति बिरामी रू १०००० उपचार सहयोग प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. नगरबासीको मोतियाविन्दुको निःशुल्क शल्यक्रिया तथा अन्य आँखासम्बन्धी रोगहरूको उपचार गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८. घरमा सुत्केरी हुने संख्यालाई शून्य बनाउन मातृ तथा नवजात शिशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाद्वारा नगरभित्रका प्रसुती केन्द्रमा सुत्केरी हुने आमाहरूलाई दिइने प्रोत्साहन भत्ता (प्रति सुत्केरी रू १५००) लाई निरन्तरता दिईनेछ ।

९. प्रसुती केन्द्रमा काम गर्ने नर्सिङ्ग कर्मचारीहरूलाई प्रोत्साहन भत्ता (रू १००० प्रति प्रसुती) उपलब्ध गराईनेछ ।

१०. अपाङ्ग व्यक्तिहरूलाई आवश्यकता अनुसार साहायता सामाग्रिहरू वितरण गरिनेछ ।

११. वालवालिकाहरूको ज्ञान, व्यवहार र अभ्यास परिवर्तन गरी स्वास्थ्य सुधारका लागि विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

१२. एकिकृत जनस्वास्थ्य शिविरबाट गरिब, पिछडिएका तथा सिमान्तकृत वर्गलाई विशषेज्ञ स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

१३. गर्भवती अवस्थामा जटिलता पत्ता लगाई समयमै व्यवस्थापन गर्न ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम (Rural Ultrasound Program) लागु गरिनेछ ।

१४. गर्भवती महिला तथा सुत्केरी आमा, नवजात शिशु, बालवालिका, किशोर-किशोरी, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री स्वास्थ्य सेवालाई प्रवर्द्धन गरिनेछ ।

१५. कुपोषण तथा खाद्य असुरक्षा न्यूनिकरण गर्न शिक्षा, कृषि, पशुपंक्षी, महिला तथा बालबालिका र खानेपानी तथा सरसफाई क्षेत्रहरूसंग समन्वय गरी वहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ ।

१६. क्षयरोगमुक्त पालिका बनाउन अभियान सुरूका लागि सरोकारवाला, संघ तथा प्रदेश सरकार र गैरसरकारी संघसंस्थासंग समन्वय तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१७. नवजात शिशु तथा बालरोगको व्यवस्थापनका लागि IMNCI कार्यक्रमको समीक्षा तथा कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१८. स्वास्थ्यकर्मी र महिलो सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको भूमिकालाइ प्रभावकारी बनाउन नियमित तालिम, अभिमुखिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिनेछ ।

२०. पालिकास्तरीय वार्षिक तथा अर्धवार्षिक समीक्षा संचालन गरी स्वास्थ्य कार्ययोजना निर्माण गरिनेछ ।

२१. स्थानीय रेडियो तथा एफ.एम. बाट खोप, पोषण, परिवार योजना तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना प्रकाशन तथा कार्यक्रमद्वारा ज्ञान र सकरात्मक व्यवहारलाई प्रवर्द्धन गरी सेवा उपभोगको दरलाई बढाइनेछ ।

२२. बढ्दो सडक दुर्घटनालाई न्यूनिकरण गर्न सडक सुरक्षा सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिनेछ ।

२३. संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रमहरूलाई समन्वयात्मक तवरले अघि बढाइनेछ ।

२४. स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरू मनाई समुदायमा जनचेतना जगाउनुका साथै सबैमा स्वास्थ्य नीतिलाई वकालत (Advocacy) गरिनेछ ।

२५. आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरूको भवन मर्मत सम्भार तथा फर्निचरको व्यवस्थापन गरिनेछ

२६. प्रयोगशाला सेवाको स्तरोन्नति तथा घुम्ती प्रयोगशाला (Mobile Lab) सेवालाई विस्तार गरिनेछ ।

२७. सरकारी, गैरसरकारी तथा नीजि स्वास्थ्य संस्थासंग समन्वय, अनुगमन, नियमन तथा सुपेरीवेक्षण गरी सेवाको गुणस्तरमा सुधार ल्याईनेछ ।

२८. नागरिक आरोग्य केन्द्रबाट योग, आर्युर्वेद लगाएत वैकल्पिक चिकित्सालाई प्रवर्द्धन गर्नुका साथै स्थानीय जडिबुटीको खोज, अनुसन्धान र उपयोग गरिनेछ ।

२९. स्वास्थ्य संस्थाको माग बमोजिम आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा र आयूर्वेदिक स्वास्थ्य सेवाका लागि औषधि तथा सामग्री, ल्याब रिएजेंट समयमै खरीद गरी संस्थामा उपलब्ध गराईनेछ ।

३०. स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन प्रविधिसहितको एकीकृत स्वास्थ्य पूर्वाधारको नीतिलाई अवलम्वन गरिनेछ ।

३१. स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गरी मानव स्वास्थ्य तथा वातावरणमा पर्ने सम्भावित असरलाई न्यूनिकरण तथा नियन्त्रण गरिनेछ ।

३२. महामारीजन्य रोग तथा विपत् व्यवस्थापनको लागि द्रुत प्रतिकार्य टोली (Rapid Response Team) तयारी अवस्थामा राखिनेछ र प्रतिकार्यका एकीकृत उपायहरू अवलम्वन गरिनेछ ।

३३. पालिकाले गरेका नविनतम् कार्यक्रमहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रचार प्रसारका लागि वृत्तचित्र निर्माण गरिनेछ ।

३४. भ्याक्सिन भण्डारण कक्षको स्तरोन्नति गरिनेछ ।

३५. पालिकाको स्वास्थ्य नीति तथा पालिकास्तरीय स्वास्थ्य गुणस्तर सुनिश्चितता गर्न समिति गठन गरी अभिमुखीकरण गरिनेछ ।

## ङ. पूर्वाधार विकास सम्वन्धी नीति

१. Tourist Tracking App संचालनमा ल्याई सिमा नाकाका मुख्य सडक खण्डको प्रवेश बिन्दुमा स्वागत बोर्डका साथै त्यस क्षेत्र वरपरका महत्वपूर्ण स्थानहरूको जानकारीमूलक बोर्ड तथा पनौती बसपार्कमा नगरका महत्वपूर्ण स्थानहरूको दुरीसहितको जानकारीमूलक बोर्ड राखिने छ ।

२. प्रत्येक वडाबाट कम्तीमा १/१ वटा बाल उद्यान तथा खुल्ला व्यायामशाला निर्माण गरिनेछ ।

३. पनौती क्षेत्रीय रंगशालामा निर्माण सम्पन्न भएको संरचनाहरूलाई संचालनमा ल्याई बाँकी निर्माण कार्यलाई शहरी विकास तथा भवन निर्माण विभागसँगको समन्वयमा पूर्णता दिईनेछ । साथै नगर खेलकूद विकास समिति गठनको लागि प्रकृया अगाडि बढाइनेछ ।

४. नगर चक्रपथ निर्माणको लागि भएको सम्भाव्यता अध्ययनको आधारमा नगर चक्रपथ निर्माणको डि.पि.आर. तयार गरी कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजन गरि कार्य थालनी गरिने छ ।

५. पनौती नगरपालिकाको पहिचानको रुपमा रहेको रोशी तथा पुण्यमाता नदिलाई सौन्दर्यीकरण गरि आकर्षक बनाईनेछ ।

६. संघ तथा प्रदेश सरकारमा योजनाहरू माग गर्दा नगर गौरवका योजनाहरूलाई प्राथमिकतामा राखी विस्तृत योजना प्रतिवेदनसहित माग गरिनेछ ।

७. हाल पूर्वाधार निर्माणमा प्रयोग हुँदै आईरहेको प्लमवाल प्रविधिलाई आगामी आर्थिक वर्षदेखि ड्रेनमा मात्र अपनाई अन्य वाल निर्माण कार्यमा डिजाइनले दिएसम्म मेसीनरीवाल प्रविधि अपनाउन प्रोत्साहित गरिनेछ ।

८. आगामी बर्षदेखि प्रमुख, उपप्रमुखको उपस्थितिमा निर्माण व्यवसायी, प्राविधिक कर्मचारीहरू तथा योजना संचालन हुने वडाका जनप्रतिनिधिहरूको सहभागितामा योजनाको विषयमा अभिमुखिकरण कार्यक्रम संचालन गरी योजनाको विषयमा सुसुचित गरिनेछ ।

९. पूर्वाधार निर्माणको कार्यलाई अझ गुणस्तरीय र पारदर्शी बनाई दिगो बनाउन बिभिन्न प्राविधिक अध्ययन संस्थानहरूसँग समझदारी गरी योजना सुपरिवेक्षण कार्यको लागि विद्यार्थीहरूलाई अन द जब ट्रेनिङ्ग अन्तर्गत परिचालन गरिनेछ ।

१०. नगरभरी भएका विकास निर्माण कार्यको गुणस्तरीयता मापनको लगि जिल्ला समन्वय समितिसँग समन्वय गरी गुणस्तरीयता जाँच सम्बन्धित ल्याव संचालनमा ल्याउन पहल गरिनेछ ।

११. पर्यटन पूर्वाधार विकास अन्तर्गत साईकल ट्र्याक, ट्रेकिङ तथा हाइकिङ्ग ट्रेल, बहुउद्धेश्यीय पार्क निर्माण लगायतका पर्यटन पूर्वाधार विकासको सम्भाव्यता अध्ययन गरी अन्तरवडा प्रतिस्पर्धाको आधारमा नगर र वडाको साझेदारीमा निर्माण कार्य अगाडी बढाई आन्तरीक तथा बाह्य पर्यटकहरू आकर्षित गरिनेछ ।

१२. वडा नं. १० र ११ को सिमाना रोशी र सलान्दु खोलाको दोभान सल्मीटारमा ड्याम निर्माण गरि बोटिङ, मिनि बन्जिजम्प, रक गार्डेन लगायतका संरचनाहरू निर्माण गर्न विभिन्न निकायसँग साझदारी गरी कार्य थालनीको लागि पहल गरिनेछ ।

१३. विभिन्न वडामा निर्मित तथा निर्माणाधिन पार्क लगायतका पर्यटकिय स्थलहरूलाई एक आपसमा जोड्न पर्यटकिय रेल (छुक छुके रेल) निर्माणको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयको लागि माथिल्लो निकायमा पहल गरिनेछ ।

१४. वडा तथा नगरमा अत्याधुनिक डिजिटल नागरिक वडापत्रसहितको सूचना पाटीको व्यवस्थापन गर्न आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

१५. प्रमुख सडक अवरुद्ध हुने गरि ठूला खाडल पर्ने, बिग्रने एवम् भत्कने समस्याहरुको यथासक्य छरितो समाधानको लागि भएको साधन स्रोतको अधिकतम् उपयोग गरी सडक संचालनको लागि उचित प्रबन्ध मिलाइनेछ ।

१६. एक घर एक खानेपानी धारा कार्यक्रम मार्फत शुद्ध खानेपानीको पहुँच वृद्धि गरिनेछ ।

१७. सहरको सौन्दर्यता कायम गर्न पाइलट प्रोजेक्टका रुपमा बसपार्क, त्रिवेणीघाट तथा बजार क्षेत्रका विजुली लगायतका पोल तथा तारहरुको व्यवस्थापन गर्न बजेटको व्यवस्थापन गरिनेछ ।

१८. अध्ययन (डि.पी.आर. तयारी) को अन्तिम चरणमा रहेको शहरी खानेपानी तथा सरसफाई परियोजना अन्तर्गत स्वीकृत भएको ढल तथा ढल प्रशोधन केन्द्र निर्माणको प्रकृया थालनीको लागि पहल गरिने छ ।

१९. सुनसान देखिएको संरक्षित स्मारक क्षेत्रलाई चलायमान गरी आर्थिक कारोवारमा सुधार गरी जिवन्त राख्न पनौती वजारलाई खुल्ला संग्रहालयको रुपमा विकास गर्न आवश्यक कार्यको थालनी गरिने छ ।

२०. जथाभावी पम्प्लेट पर्चाहरु टाँसी फोहोर गर्ने कार्यलाई निरुत्साहीत गरी निश्चित स्थानहरुमा मात्र सूचनाहरु दिने कार्य गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्थापन गरिने छ ।

२१. बसपार्क, पनौती बजार क्षेत्र, नगरपालिका आउने मुख्य सडक जस्ता बढी मानिसहरुको आवागमन हुने क्षेत्रलाई चौविसै घण्टा सफा राख्न आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गरिने छ ।

२२. हाल प्रयोगमा नआएका सार्वजनिक भवन र भौतिक पूर्वाधारहरुको संरक्षण, मर्मत सम्भार गरी समाजिक प्रयोजनका लागि प्रयोग गरिनेछ ।

२३. विभिन्न पार्कहरु संचालन व्यवस्थापन गर्न विभिन्न संघसंस्था, नीजि क्षेत्र लगायतलाई आह्वान गरी व्यवस्थित गर्ने कार्य थालनी गरिने छ ।

२४. उत्कृष्ठ उपभोक्ता समिति पुरस्कारलाई निरन्तरता दिई आगामी वर्षदेखि वडामा संचालन हुने योजनाहरूको गुणस्तर, कार्य सम्पन्न भएको अवधि लगायतका आधारमा उत्कृष्ट काम हुने वडाहरू बीच प्रतिस्पर्धा गराई उत्कृष्ट काम हुने वडालाई थप प्रोत्साहन स्वरूप थप बजेटको व्यवस्थापन गरिने छ ।

## च. कृषि विकास सम्बन्धी नीति

१. अमिलाजात फलफूलमा लाग्ने औंसा किरा नियन्त्रणको लागि ५० प्रतिशत अनुदानमा प्रोटिनवेट वितरण गरिनेछ ।

२. विदेशवाट फर्किएका तथा देशमा कृषिलाई पेशाको रूपमा लिई भविष्य खोजिरहेका युवाहरूलाई प्रोत्साहन गर्न युवा लक्षित कृषि कार्यक्रम संचालन गरिनेछ ।

३. बीउ/विषादी/मल बिक्रि वितरण कार्यको नियमन गर्नको लागि नगरभित्र रहेका एग्रोभेट/रासायनिक मल डिलरहरूको त्रैमासिक अनुगमन गरिनेछ ।

४. नगरभित्र क्रियाशिल कृषि सहकारी/समूहहरूको मागको आधारमा कृषि विकासमा टेवा पुग्ने तालिम संचालन गरिनेछ ।

५. कृषकहरूलाई सक्रिय वनाउन अभिमुखीकरण, वडास्तरीय घुम्ती तालिम सञ्चालन गरी कृषि पेशालाई प्रोत्साहन गरिनेछ ।

६. विभिन्न बालीनालीमा लाग्ने रोग तथा किराहरूको रोकथामका लागि आवश्यक जैविक तथा रासायनिक विषादीको व्यवस्था मिलाइनेछ ।

७. नगरभित्र बढिरहेको वेमौसमी तरकारी खेतीलाई मध्यनजर गरी कृषकको आवश्यकताका आधारमा टनेल प्लास्टिक र मल्चिंग प्लास्टिक ५० प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

८. कृषकहरूलाई सुन्तला बगैंचा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरी सुन्तलामा देखिएका विभिन्न ढुसी र व्याकटेरियाजन्य रोगहरूको निराकरणको लागि कृषकहरूलाई बोर्डो मिक्चर/पेष्ट पुर्ण अनुदान वितरण गरिनेछ ।

९. किसानहरूको बाली, विरूवामा भएका रोग किरा तथा माटोको अम्लियपन कम गर्न माटो परिक्षण र बाली उपचार शिविर सञ्चालनका साथै सुक्ष्म खाद्यतत्व र जैविक मल वितरण गरिनेछ ।

१०. किसानको लगानी सुरक्षित गर्नका लागि विमा प्रिमियममा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

११. बाली विरूवामा लाग्ने रोग किराहरू तथा माटोमा भएका समस्याहिरू पहिचान गर्नका लागि कृषि ल्यावको स्थापना गरिनेछ ।

१२. परामपरागत खेतीलाई व्यवसायिक तथा आधुनिकीकरण गर्नका लागि Hi-tech (स्मार्ट) खेती प्रोत्सहान गरिनेछ ।

१३. नगरको आन्तरिक श्रोतबाट संचालित कार्यक्रमहरूको नियमन गर्नको लागि आफ्नै कृषि नीति र कार्यविधि तयार गरिनेछ ।

१४ प्रांगारिक खेती प्रवर्द्धनका लागि गड्यौली मल तथा भोलमोल सम्बन्धी तालिम प्रदान गरिनेछ ।

**ज. पशुपन्छी विकास सम्बन्धी नीति**

१ पशुपालक कृषकहरूका लागी पशुपालनसम्बन्धी वडास्तरीय तालिम नगरपालिकाका १२ वटै वडामा सञ्चालन गरिनेछ ।

२ जुनोटिक रोग सम्बन्धी शिक्षा तथा स्वास्थ्य शाखाको समन्वयमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

३ नगरभित्रका नीजि सरकारी प्राविधिकहरूलाई नगरपालिकामा दर्ता गराइ प्रमाणपत्रसहित क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

४ पशुपालन क्षेत्रलाई व्यवसायिक र प्रविधिमैत्री बनाउन यन्त्र उपकरण वितरण कार्यक्रम संचालन गरिनेछ ।

५ पशुपालन क्षेत्रमा हुने आहारा अभावको न्युनिकरण गर्न एक वर्षे तथा वहुवर्षे डाले घाँस तथा भुँईघाँसका विउ, विरूवा, सेट्स वितरण एवं हे, साइलेज र यु.एम.एम.बि ब्लक बनाउने तालिमको व्यवस्था गरिनेछ ।

६ भैंसी सुत्केरी भत्ता र कृषि तथा पशुपन्छी बिमा प्रिमियममा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७ कुकुरको टोकाइबाट मानवमा सर्ने रेविज न्यूनिकरणका निम्ति (zero death by 2030) विश्वव्यापी नारालाई सार्थक बनाउन रेबिज रोग नियन्त्रणका लागि सामुदायीक तथा छाडा कुकुरलाई बन्ध्याकरण, व्यवस्थापन तथा रेबिज विरूद्धको खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

८ पशुपन्छीका औषधी तथा प्रयोगशाला परीक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

९ पशुपन्छी स्वास्थ्य सेवाका लागि Vetanary Rapid Responce Team संचालन गरिनेछ ।

**झ. महिला तथा बालबालिका सम्बन्धी नीति**

१ तालिम/सचेतना, अभियान, अभिमुखिकरण तथा दिवसीय कार्यक्रमको माध्यमबाट सचेतना जगाउने कार्यक्रमहरूमा जोड दिईनेछ ।

२ महिलाहरूको सीप विकास र आय आर्जन वृद्धिका लागि महिला विकास केन्द्र स्थापना गरिनेछ ।

३ लघु उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रम संचालन गरी व्यवसायीकरणको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तिकरणमा जोड दिईनेछ ।

४ अपाङ्गता भएका व्यक्तिहरूको मर्यादित, आत्मनिर्भर जीवनयापन र सहज आवगमनका लागि तालिम तथा सचेतना जगाउने कार्यक्रमहरूमा जोड दिईनेछ ।

५ लैङ्गिक हिंसा प्रभावित व्यक्तिलाई तत्काल उद्धार, पुनर्स्थापना, राहात, कानुनी परामर्श, न्याय निरूपणका लागि लैङ्गिक हिंसा निवारण कोषमार्फत सहयोग प्रदान गरिनेछ ।

६ जेण्डर अडिटको माध्यमबाट पनौती नगरपालिकामा संचालित कार्यक्रमको अवस्था विश्लेषण भई मार्गदर्शन प्रदान गरिनेछ ।

७ गृहिणी महिलाहरूको लागि लघु उद्यमसम्बन्धी कार्यक्रम संचालन गरी व्यवसायीकरणको माध्यमबाट महिलाहरूलाई स्वरोजगार र आर्थिक सशक्तिकरणमा जोड दिईनेछ ।

८ विउपूँजी परिचालन कोष परिचालनलाई निरन्तरता दिईनेछ ।

९ किशोर किशोरी तथा बालबालिकाहरूको सर्वोत्त हित तथा संरक्षणका गतिविधिहरू संचालन गर्दै लैजाने ।

१० जातिय भेदभाव तथा छुवाछुत विरूद्ध सचेतना कार्यक्रमहरू संचालन गर्दै लैजाने ।

११ सीप विकास तालिमपश्चात् व्यवसाय गर्ने इच्छुक सदस्यहरूलाई विउपूँजी अनुदानका गतिविधिहरू संचालन गर्ने ।

## अ. वन तथा वातावरण सम्बन्धी नीति

१ पनौती नगरपालिकामा रहेका सामुदायिक वनको श्रोत सर्वेक्षण र वन मापनमा सहजिकरण गरिनेछ ।

२ घरमा उत्पन्न हुने फोहोर वर्गीकरणको लागि उपभोक्ताहरूलाई प्रोत्साहित गर्ने तथा नीजि क्षेत्रको साझेदारीमा व्यवस्थापन कार्य गरिनेछ ।

३ पर्यावरण तथा वातावरण संरक्षणका महत्वपूर्ण जलाधार क्षेत्रको संरक्षणका लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ ।

४ परियोजनासँग सम्बन्धित तथ्याङ्कहरू नियमित रूपमा अनलाइन डाटा पोर्टलमा इन्ट्रि गर्ने व्यवस्था मिलाईनेछ ।

५ स्थानिय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, युवाआदिको परम्परागत तथा प्राविधिक ज्ञान, सीप अभिवृद्धि गरी वनजन्य स्रोतको उपयोगमा अभिवृद्धि गर्दै आयस्तरमा टेवा पुग्ने कार्यक्रम संचालन गरिनेछ ।

६ उद्यम स्थापना गर्न सहजिकरण गरिनेछ ।

७ वन कार्ययोजना निर्माण, नवीकरण, आवधिक निर्वाचन, लेखा परिक्षणलाई नियमित बनाउन सहयोग पुऱ्याईनेछ ।

८ जडिबुटी खेतिको सम्भाव्यता अध्ययन गरिनेछ । सार्वजनिक जग्गाहरूमा सामुहिक रूपमा जडिबुटी खेतीलाई प्रोत्साहन गरिनेछ ।

९ वन कार्यालय र उपभोक्ता समितिको सहकार्यमा पनौती ४ र ५ को ठूलढुंगी समुदायिक वन र थल्पु सामुदायिक वनमा ८ देखि १० फिट सम्मको चौडाइ भएको अग्नी रेखा निर्माण गरी जंगलमा हुने डढेलो अविलम्व नियन्त्रण गरी वन विनाश र जंगली जीव जनावरहरूको क्षती हुनसक्ने जोखिमको न्यूनिकरण गर्ने प्रवन्ध मिलाइनेछ ।

१० नमुनाको रूपमा खोलाको किनारमा साईकल लेन निर्माण गरिनेछ ।

११ फोहोरमैला व्यवस्थापन गुरूयोजना निर्माण गरी फोहोरमैलाको दिर्घकालिन व्यवस्थानको उपायको खोजी गरिनेछ ।

१२ यस नगरपालिका क्षेत्रभित्रको फोहोरमैलालाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्न विभिन्न संघसंस्थासँग सार्वजनिक नीजि साझेदारी अन्तर्गत आपसी सहकार्य गर्दै व्यवसायिक योजना निर्माण तथा कार्यान्वयन गर्ने कार्य अघि बढाईनेछ ।

१३ फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन ऐनले गरेको व्यवस्थालाई प्रभावकारी बनाई जैविक र अजैविक फोहोर छुट्याने, अजैविक फोहोर मात्र संकलन गर्ने, जैविक फाहोरबाट कम्पोष्ट मल बनाउने एवं फोहोर व्यवस्थापनलाई विकेन्द्रित गरी शहरी क्षेत्र फोहोरमुक्त बनाउन आवश्यक कृयाकलाप अघि वढाइनेछ । हालको व्यवस्थापन स्थललाई संभाव्यताका आधारमा विकेन्द्रित गर्ने नीति अख्तियार गरिनेछ ।

१४ शहरी क्षेत्र र सो प्रभाव रहेका घना बस्तीहरूमा तालिका निर्धारण गरी फोहर संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५ पनौती बजार क्षेत्रमा साविकदेखि हुदैं आएको दैनिक सरसफाई कार्यलाई थप व्यवस्थित बनाइनेछ । फोहरमैला व्यवस्थापनबाट प्रत्यक्ष लाभ लिने नगरबासीहरूसंग साविकमा लिइदैं आएको सरसफाई शुल्क यथावत राखिनेछ ।

१६ जथाभावी सार्वजनिक क्षेत्र, खोलानाला, चौर, उद्यान, सडक, चोक, गल्लीमा फोहरमैला गर्ने, थुपार्नेलाई फोहरमैला व्यवस्थापन ऐन/कार्यविधि बमोजिम हुने कार्यवाहीबारे सतर्क गराउदै समाधान गराइनेछ ।

१७ संरचना निर्माण लगायत अन्य आयाममा यथासंभव वातावरणमैत्री कार्य ढाँचा अपनाइनेछ ।

१८ वन, वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी, वन पैदावार, खानी, जलस्रोत, भूमि, जडिबुटी, ऊर्जाको संभावना पहिचान गरी सर्वेक्षण गर्ने र सूचीकृत गरिनेछ ।

१९ पार्क, पोखरी, उद्यान, वृक्षारोपण, प्लाष्टिक न्यूनीकरण जस्ता कार्यमा प्रभावकारीताका लागि टोल विकास संस्था मार्फत थप कार्य गरिनेछ ।

२० फोहोरमैलाको व्यवस्थापन वडा तहमा नै व्यवस्थित गर्न सबै वडालाई स्रोतसाधनयुक्त बनाईनेछ ।

२१ जलवायु परिवर्तनको सामना र प्रकोपको जोखिम नियन्त्रण गर्न आवश्यक संरचनाको निर्माणका लागि युवाहरूलाई प्रयोगात्मक र प्राविधिक सिपमूलक तालिम दिई रोजगारीको सृजना गरिनेछ ।

२२ पानीको स्रोतको संरक्षणका लागि प्रत्येक स्थानीय तहमा वृक्षारोपण, पोखरी निर्माण जस्ता रैथाने प्रविधिलाई प्रवर्द्धन गरिनेछ ।

२३ अनिवार्य वातावरणीय मापदण्ड अनुरूप पानी तथा जोखिमको व्यवस्थापन योजना बनाएर मात्रै सडक निर्माण गरिनेछ ।

२४ वातावरणमैत्री स्थानीय शासन प्रणली लागु गर्ने नीति लिईनेछ ।

२५ ***'जडिबुटीयुक्त घर, स्वस्थ गाउँ शहर'*** अभियान संचालन गर्ने ।

२६ विभिन्न विश्वविद्यालयहरूसंग सहकार्य गरी वातावरण विज्ञान एवं वन विज्ञान तथा जलवायु परिवर्तन लगायतका विषयमा अनुसन्धान गर्ने व्यवस्था मिलाईनेछ ।

२७ बन, वातावरण तथा फोहोरमैला व्यवस्थापन लगायतको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरूको पहिचान र सहकार्यको लागि श्रोत नक्सांकन गरिनेछ ।

२८ नगरपालिका क्षेत्रका खोलाहरूमा हरियाली प्रवर्द्धन गर्ने कार्य अघि बढाईनेछ ।

२९ वन, वातावरणसंग सम्बन्धित नीतिमा उल्लेखित कार्यहरूको कार्यान्वयनको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सहकार्य गरिनेछ ।

## ट. विपद व्यवस्थापन सम्बन्धी नीति

१ बारूण यन्त्र तथा अन्य बिपद् व्यवस्थापनसंग सम्बन्धित यन्त्र तथा सामग्रि खरिद गरी तीन वटै सुरक्षा निकायको समन्वयमा संचालनमा ल्याई बिपद् जोखिम न्यूनिकरण तथा नियन्त्रणलाई व्यवस्थित गरिनेछ ।

२ विपद्पश्चात् उद्धारका लागि प्रत्येक वडामा कम्तीमा दुई वटा खुल्ला क्षेत्र पहिचान गरी संरक्षण गर्ने ।

३ विपद् जोखिम न्यूनिकरण तथा विपद् पछिका कार्यहरू गर्न आवश्यक पर्ने विभिन्न Task Force निर्माण गरिनेछ ।

४ विपद् सामग्री भण्डारण केन्द्रलाई थप व्यवस्थित एवं निर्माण गरिनेछ ।

५ विभिन्न विपद् पछिका राहत वितरण गर्न कार्यविधि निर्माण गरी राहतको व्यवस्थापन गरिनेछ ।

६ नगर, प्रदेश तथा संघवाट स्वीकृत भएका २ करोडभन्दा बढि बजेट भएका विभिन्न योजनाहरू संचालन गर्दा वायोइन्जिनियरिङ्ग अनिवार्य समावेश गरिनेछ ।

७ सम्भावित पहिरो जान सक्ने स्थानहरू पहिचान गरी विरूवा रोप्ने कार्य गरिनेछ ।

८ भए गरेका पोखरीहरू संरक्षण गरी थप नयाँ पोखरीहरू आवश्यकता अनुसार निर्माण गरिनेछ ।

९ विभिन्न खाले विपद्को सामना गर्न विपद् व्यवस्थापन कोषको वृद्धि एवं परिचालन गरिनेछ ।

१० भविष्यमा आइपर्ने विपद्को व्यवस्थापन र पूर्व तयारीको लागि हरेक वडामा विपद व्यवस्थापन कोषको स्थापना लगायत व्यवस्थापनको लागि चाहिने उपकरण, औजार एवं दक्ष जनशक्तिसहितको दुत सहायताकक्षको स्थापना गरिनेछ ।

## ठ. बालमैत्री स्थानीय शासन दिगोपना सम्बन्धी नीति

१ पनौती बालमैत्री नगरपालिका घोषणा भईसकेकोमा बालश्रममुक्त नगर घोषणा गरी बालश्रममुक्त बालमैत्री नगरको अवधारणा बनाई सो को दिगोपनाका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२ बालमैत्री अभियानलाई टिकाई राख्न १२ वटै वडाहरूका बालमैत्री लगानी योजनाहरूलाई कार्यान्वयनको लागि स्रोत उपलब्धताका आधारमा बजेट बिनियोजन गरिनेछ ।

३ बालमैत्री स्थानीय शासन प्रणाली दिगोपनाका लागि आवश्यक कार्यहरू गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूसंग सहकार्य गर्ने निति अवलम्वन गरिनेछ ।

४ बालमैत्री अभियानलाई योगदान दिने हेतुले पनौती नगरपालिकालाई बालश्रममूक्तसहित बालमैत्री सिकाई केन्द्रको रूपमा विकास गरिनेछ ।

५ पनौती नगरपालिकाको बालमैत्री अभियानको दिगोपनाका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूसंग सहकार्य गरि आवश्यक कार्यहरू अघि बढाईनेछ ।

६ अपाङ्गता भएका, बाबुआमाविहीन र अनाथ बालबालिकाको संरक्षण र शिक्षाको पहुँच सुनिश्चित गरिनेछ ।

७ सडक बालबालिकालाई शून्य बनाउने, बालविवाह निरूत्साहन र निराकरण गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८ बालमैत्री उद्यानहरुको स्थापना तथा व्यवस्थित गरिनेछ ।

९ बालमैत्री शिक्षा तथा सिकाई प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।

१० विपन्न परिवारका बालबालिकाको शैक्षिक सुनिश्चितताको लागि सहयोग गरिनेछ ।

११ समुदाय केन्द्रित बालक्लब स्थापना तथा प्रवर्द्धनका लागि बालबालिकालाई उत्प्रेरित गरिनेछ ।

१२ बालअधिकार समितिलाई पूर्णरुपमा क्रियाशील बनाई बालकल्याणका कार्यहरू गरिनेछ ।

१३ बालमैत्री अभियानअर्न्तगत नगरको बाल बस्तुगत विवरण तथा बालबालिकाको लगानी योजना लाई अद्यावधिक गरिनेछ ।

१४ बाल अधिकारका लागि एकिकृत नीति तयार गरिनेछ ।

१५ बाल अधिकार समिति गठन सम्बन्धी निर्देशिकालाई आवश्यकता अनुसार संशोधन गर्ने व्यवस्था मिलाईनेछ ।

१६ बालबालिकाको क्षेत्रमा समग्र विकासको लागि एकीकृत पञ्चबर्षिय रणनीतिक योजना तयार गरिनेछ ।

## ड. पर्यटन प्रवर्द्धन सम्बन्धी नीति

१ पनौती नगरपालिकाको पर्यटन सम्बन्धी गुरूयोजना तयार गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

२ ऐतिहासिक पनौती बजार, इन्द्रेश्वर मन्दिर तथा घाट क्षेत्रलाई सौन्दर्यकरण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षण गर्ने कार्यक्रमका लागि सबै धार्मिक तथा पर्यटकिय क्षेत्रको सहज भ्रमण गर्न आवश्यक पूर्वाधार तथा सुविधाहरू उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।

३ उपयुक्त स्थानहरूको पहिचान गरी जेष्ठ नागरिक पार्क निर्माण गरिनेछ ।

४ बौद्ध धर्मावलम्वीहरूको कला संस्कृति झल्किने गरी पनौती ७ मा बुद्धचित्र कोरिनेछ ।

५ नरसिंह मठमा पूजा आराधना नियमित गर्ने व्यवस्था मिलाई त्रिवेणी घाटमा आरती संचालन गरी वैदिक धर्मलाई संरक्षण र पनौतीको चिनारीलाई उजागर गरिनेछ ।

६ प्रस्तावित विश्वसम्पदा सूचीको पूर्वाधार निर्माणका लागि ऐतिहासिक इन्द्रेश्वर मन्दिर त्रिवेणी सरसफाई कार्यका लागि स्थानीय संघसंस्थाहरूसंग सहकार्य गरी सुन्दर नगरको अभियानलाई निरन्तरता दिइनेछ ।

७. पनौती नगरक्षेत्रभित्र रहेको पुरातात्विक महत्वका सम्पदाहरूलाई संरक्षण गर्दै विश्व सम्पदा सूचीमा सुचिकरणका लागि आवश्यक पहलकदमी लिइनेछ । साथै सम्पदामैत्री घर तथा भौतिक संरचना निर्माण प्रोत्साहनलाई निरन्तरता दिई धार्मिक सांस्कृतिक एवं पर्यटकीय नगरको रूपमा विकास गरिनेछ ।

८. पर्यटकीय क्षेत्रलाई पकेट क्षेत्रका रूपमा विकास गर्न संचालन हुने तारे होटल/रिसोर्ट जिपलाइन बञ्जीजम्प लगायतका क्षेत्रको प्रर्वद्धनका लागि पहुँच मार्ग, खानेपानी, विद्युत, एवं थप पूर्वाधारको विकास गरिनेछ ।

९. आन्तरिक पर्यटनको प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई लाकुरी भञ्ज्याङ्ग-पनौती-बल्थली लगायतका क्षेत्रमा साईक्लिङ्ग रूट र क्रस कन्ट्री साईकिलिङ्ग मार्गको प्रचार प्रसार समेत गर्ने व्यवस्था मिलाईनेछ ।

१०. चराहरूको विस्तृत अध्ययन भइसकेकोले चरा संरक्षणका लागि आवश्यक कार्यविधी तयार गरी कार्यान्वयनमा ल्याई, पर्यटकहरूको आकर्षण बढाइनेछ ।

११. गोरखनाथमा नगरस्तरीय बालमैत्री पार्क निर्माण गरिनेछ ।

१२. आन्तरिक एवं बाह्य पर्यटनको प्रर्वद्धनार्थ पनौती ११ स्थित लड्कु खोलाको विभिन्न स्थानमा साना ठूला बाँधहरू निर्माण गरि सफा पानीमा पौडी खेल्ने व्यवस्था मिलाईनेछ ।

१३. पर्यटकलाई आवश्यक सूचना प्रवाहमा थप सहजताका लागि पर्यटन सूचना केन्द्रलाई व्यववस्थित तवरले सञ्चालन गर्ने नीति लिईनेछ ।

१४. पर्यटन गन्तव्यको प्रकाशन, प्रशारणको र Tourist Guide को प्रबन्ध गरिनेछ ।

१५. पर्यटकको बसाई लम्ब्याउन विभिन्न हाईकिङ्ग रूटको पहिचान र विकास गरिनेछ ।

१६. पर्यापर्यटनमा जोड दिईनेछ ।

१७. हाईकिङ्ग ट्रेलको विकास विस्तार र प्रचार गरिनेछ ।

१८. प्याराग्लाईडिङ्ग, रक क्लाईम्बिङ्ग, साईक्लिङ्ग, क्रसकन्ट्री डाउनहिल जस्ता साहसिक खेलजन्य गतिविधिको प्रवर्द्धन गरिनेछ ।

१९. होमस्टे प्रवर्द्धन नियमन गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाई होमस्टे व्यवसायलाई प्रवर्द्धन गर्ने नीति ल्याईनेछ ।

२०. पर्यटकस्तरका होटल व्यवसायीहरूबीच समन्वय कायम गरिनेछ ।

२१. स्थानीय मौलिक संस्कृतिलाई जर्गेना गर्दै त्यस्ता साँस्कृतिक सम्पदा र गतिविधिलाई पर्यटनसँग जोडि आवश्यक कार्य गर्ने व्यवस्था मिलाईनेछ ।

२२. धार्मिक सर्किटहरू तयार गरी धार्मिक पर्यटन हव निर्माण गरिनेछ ।

२३. व्यवस्थित पिकनिक स्थलहरू निर्माण गरी पर्यटक आकर्षण गरिनेछ ।

२४. आवश्यक कार्यविधी बनाई पनौती संग्रहालय सञ्चालन व्यवस्थापन गरिनेछ ।

२५. पर्यटनसंग सम्बधित डकुमेन्ट्री निर्माण गरिनेछ ।

२६. आवश्यक नीति/कार्यविधी बनाई पनौती पर्यटन विकास केन्द्र लगायत पर्यटकीय गतिविधी सञ्चालन गर्ने संघ संस्थाहरूलाई व्यवस्थित गरिनेछ ।

२७. पर्यटन क्षेत्रलाई सरसफाई क्षेत्रसंग अर्न्तसमन्वय हुनेगरी कार्य अघि बढाईनेछ ।

२८. पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरूको समन्वयमा नक्सांकन गरी सहकार्यको नीति अख्तियार गरिनेछ ।

२९. अभौतिक सांस्कृतिक संम्पदा संरक्षणसम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।

३० स्थानीय परम्परागत उत्पादन र सीपलाई स्थानीय जनताको आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

३१ स्थानीय परम्परागत जात्रा पर्वहरूको अभिलेखीकरण, मठ मन्दिरको अभिलेखीकरण, पूजा पद्धतिको सूचिकरण र पुजाको लागि चाहिने बाजाहरूको सूचिकरण गरी पुस्तक प्रकाशन गरिनेछ ।

३२ पनौतीलाई खुला संग्रहालयको रूपमा विकास गरिनेछ ।

## ण. सहकारी सम्बन्धी नीति

१ सहकारी संस्थाहरूको सवलीकरण र सुदृढिकिरण गर्न सहकारी एकीकरण प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२ संकटग्रस्त सहकारीलाई संघ र प्रदेशको समन्वयमा प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

३ स्थानीय उत्पादनलाई बजारीकरण गर्न सहकारी बजारको निर्माण तथा प्रदर्शनीका कार्यक्रम ल्याईनेछ ।

४ स्थानीय उत्पादन वृद्धि, रोजगारी सृजना र गरिबी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

५ सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध नभएका सबै सहकारी संस्थाहरुलाई सो कार्यक्रममा अनिवार्य रूपमा आवद्ध गराइनेछ ।

६ सहकारी संस्थाहरूको संस्थागत विकासका लागि नेतृत्व/कर्मचारी क्षमता विकास कार्यक्रम ल्याइनेछ ।

७ सहकारी संस्थाको अनुगमन र नियमन प्रक्रियालाइ प्रभावकारी बनाइनेछ ।

८ पनौती नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूको सहयोगमा पनौती सहकारी दर्पणको प्रकाशनलाई निरन्तरता दिईनेछ ।

९ सहकारीका माध्यमबाट उद्धमशिलता प्रवर्द्धन गरिनेछ ।

## त. पञ्जिकरण तथा सामाजिक सुरक्षा नीति

१ सामाजिक सुरक्षा भत्तालाई विद्युतीय प्रणालीमार्फत भुक्तानी गरिनेछ ।

२ सामाजिक सुरक्षाका कार्यक्रमहरुको दिगोपना र प्रभावकारीता वृद्धि गरिनेछ ।

३ वडास्तरबाट हुने विद्युतीय घटना दर्ता, पञ्जिकरण प्रणालीलाई त्रुटिरहित बनाउन क्षमता विकास कार्यक्रम ल्याइनेछ ।

४ पञ्जिकरण तथा सामाजिक सुरक्षा सूचना प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

५ विशेष सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## थ. प्रधानमन्त्री रोजगार सेवा कार्यक्रम सम्बन्धी नीति

१ रोजगार कार्यक्रमलाई व्यवस्थित गरी न्यूनतम रोजगारीको प्रत्याभूत गराईनेछ ।

२ वेरोजगार व्यक्तिहरूलाई रोजगार सेवा केन्द्रमा सूचिकृत गर्नका लागि प्रत्येक आर्थिक वर्षको फाल्गुन महिनाभरि आवेदन खुला गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत गरिनेछ ।

३ रोजगार सेवा केन्द्रहरूमा सूचिकृत भएका वेरोजगार व्यक्तिहरूलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूति गराईनेछ ।

४ वैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न हुन स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ ।

५ वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति लिने प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।

६. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

७. संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

८. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, नीजि, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

९. श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक, उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ ।

१०. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैंकको रूपमा स्थापित गरिनेछ ।

११. नियमित विकास निर्माणका योजनाहरूमा आवश्यक श्रमिकहरूको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।

१२. सम्बन्धित वडाबाटप्राप्त मागमा आधारित परियोजना प्रस्तावलाई नगरकार्यपालिका मार्फत स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ साथै यस्तो कामको प्रभावकारी अनुगमन गरिनेछ ।

**द. उद्यम विकाससम्बन्धी नीति**

१. पनौती नगरपालिका अन्तर्गत उद्योग विकाशका लागी सामाजिक तथा आर्थिक उत्पीडनमा परेका समुदाय, बेरोजगार युवा, रोजगारीको अवसर गुमाएका, विदेशबाट रोजगारी गुमाई फर्केका युवाहरूलाई उद्यम व्यवसायमा आकर्षित गरी सफल उद्यमी बनाउन जोड दिइनेछ ।

२. आर्थिक रूपले सम्मुनत समाज निर्माणका लागी ५ वर्षीय उद्यम विकास रणनैतिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३. बेरोजगारीको समस्यालाई न्यूनीकरणका लागि समुदायको माग र बजार मागलाई ध्यानमा राखी रोजगारी सिर्जनामा सहजीकरण गरिनेछ ।

४. व्यवसायी, उद्यमीद्धारा उत्पादित वस्तु वा सेवा बिक्रिका लागी कोशेली घरसँग समन्वय गरिनेछ ।

५. नगरपालिकामा विभिन्न निकायबाट संचालन हुने कार्यक्रममा एकद्धार प्रणाली लागु गरिनेछ ।

६. वैदेशिक रोजगारबाट फर्केका वा स्वदेशमा रोजगार गुमाएका युवा युवतीहरूलाई उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरिनेछ ।

७. युवाहरूलाई स्वरोजगार बनाउनका लागी सहुलियतपूर्ण कर्जा प्रवाह व्यवस्थापनको लागी सरोकारवाला निकायसँग समन्वय गरी उपमेयर युवा स्वरोजगार कार्यक्रमको व्यवस्था गरिनेछ ।

८. पनौती नगरपालिकामा उद्यमशीलता विकास गर्न मेयर उद्यमशीलता विकास कार्यक्रम कार्यान्वयन ल्याउने व्यवस्था गरिनेछ ।

९. लोप हुँदै गएको सीपहरू संरक्षण र आय आर्जनका लागि पनौती ७ मा ***कुटिर उद्योग केन्द्र*** संचालन गरिनेछ ।

**ध. सूचना तथा प्रविधि सम्बन्धी नीति**

१. कर्मचारीसँग सम्बन्धित तथ्यांक, दैनिक हाजिरी, कार्ययोजना, अनुगमन र प्रगति प्रतिवेदन सम्वन्धी नियमित कामहरूलाई पूर्णरूपमा Web based system मा ल्याईनेछ ।

२. नगरपालिकाको सम्पूर्ण तथ्यांकहरूलाई GIS मा आधारित Web based system मा समाविष्ट गरि Matrix System मा आधारित घरनम्वर विवरण एवं Online सेवा विस्तार गरिनेछ ।

३. नगरक्षेत्रभित्रका IT क्षेत्रमा अध्ययन गर्दै गरेका वा भर्खरै अध्ययन सकेका विद्यार्थीहरूबाट IT Innovation Project माग गरि डिजिटल पनौती नवप्रवर्द्धन कार्यक्रम परियोजना छनौट गरि कार्यान्वयन ल्याउने व्यवस्था गरिनेछ ।

४. नगर क्षेत्रलाई सुरक्षित बनाउनका लागि सम्पूर्ण नगरपालिका मातहतका कार्यालयहरूमा CCTV तथा अनुगमन प्रणाली जडान गरिनेछ ।

५. कर्मचारीहरू/जनप्रतनिधीहरूको लागि ICT तालिम संचालन गरिनेछ ।

**न. प्रकृतिक श्रोत व्यवस्थापन सम्बन्धी निती**

१. पनौती नगरभित्रका सामुदायिक वनहरुको उपभोक्ता समितीहरूको भेला गरी वन सम्बन्धी आवश्यक कार्यक्रम संचालन गरिनेछ।

२. पनौती नगरपालिकाले विभिन्न खानेपानी समितीहरूबाट प्राप्त हुनुपर्ने रोयल्टी समयानुकुल परमार्जन गर्नुका साथै प्राप्त रोयल्टी प्रभावित क्षेत्रमा खर्च गरिनेछ ।

३. हाल संचालनमा रहेका खानीहरूलाई कानुन बमोजिम अनुगमन, निरीक्षण र आवश्यक नियन्त्रण गरिनेछ ।

४. काभ्रे उपत्यका खानेपानी आयोजना संचालन कार्यलाई प्राथमिकतामा राखी बढि भन्दा बढि क्षेत्रका जनतालाई वितरण गर्न पहल गरिनेछ ।

५. वन, जलासय खोला, झरनाहरूलाई पर्यटकीय गन्तब्य रूपमा विकास गर्ने सम्भाब्यता अध्ययन गरिनेछ ।

**प. सार्वजनिक सम्पत्ती उपयोग तथा संरक्षण नीति**

१. पनौती नगरपालिका क्षेत्रिभित्र रहेका सम्पूर्ण सार्वजनिक जग्गाहरू र नगरपालिकाको स्वामित्वमा रहेका जग्गाहरू रेखाङ्कन गरी संरक्षण गरिनेछ ।

२. नगरको स्वमित्वमा रहेका भवनहरूको आवश्यकता अनुसार मर्मतसंभार गरी संरक्षण तथा उपयोग गरिनेछ ।

३. विगतमा भएको डिजिटल नापीको बाँकी कार्य पूरा गर्न आवश्यक पहल गरिनेछ ।

४. नगरभित्रका सडकहरूको क्रमश लगतकट्टा गरिनेछ ।

**फ. सम्पदा सम्बन्धी नीति**

१. पनौती नगरपालिका क्षेत्रभित्र रहेका कला र संस्कृतीको संरक्षण एवं सम्वर्द्धन गर्न आवश्यक कार्य गरिनेछ ।

२. पनौती नगरपालिका क्षेत्रका वडा नं. ७ स्थित प्राचिन पनौती शहरलाई विश्वसम्पदा सुचिमा समावेश गर्न भईरहेको प्रयासलाई निरन्तरता प्रदान गरी विश्वसम्पदा सुचिमा सुचिकृत गर्ने ब्यवस्था मिलाईनेछ ।

३. पनौती नगरपालिका क्षेत्रमा सञ्चालन भईरहेका जात्रा, पर्व लगायतका संस्कृतीहरूको जगेर्ना गर्ने नीति लिईनेछ ।

४. धार्मिक, ऐतिहासिक एवम् पुरातात्विक पनौती शहरका सरसफाईमा बिशेष ध्यान दिईनेछ ।

५. लोप हुन लागेका संस्कृती र सम्पदाहरू संरक्षणको लागि आवश्यक कार्यहरू गरिनेछ ।

६. जात्रा, पर्व पुजा सञ्चालन तथा ब्यवस्थापनको लागि गुठी तथा सार्वजनिक जग्गाहरूको पहिचान र संरक्षण गर्ने नीति लिईनेछ ।

७. सम्पदाको संरक्षणका लागि परम्परागत/पुरातात्विक संरचनाहरूको निर्माण तथा मर्मतसम्बन्धी तालिम सञ्चालन गरिने छ ।

८. सम्पदा क्षेत्रलाई खुल्ला संग्रहालयको रूपमा सञ्चालन गर्ने नीति लिईनेछ ।

धन्यवाद ।